लेखापरीक्षण प्रतिवेदन

बेसीशहर नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बेसीशहर नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/29

श्रीमान् प्रमुखज्यू,

बेसीशहर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, लमजुङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/29

श्रीमान् प्रमुखज्यू,

बेसीशहर पालिका, नगर कार्यपालिकाको कार्यालय,

लमजुङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.१ अर्ब ८० करोड ५० लाख ३९ हजार लेखापरीक्षण गरिएकोमा रु.९७ लाख ५७ हजार (०.५४ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.१ लाख २२ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.८ लाख ४८ हजार, नियमित गर्नुपर्ने रु.७५ लाख ०७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१२ लाख ७९ हजार रहेको छ। गत वर्षसम्म रु.७ करोड ३६ लाख २९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.८ करोड २६ लाख ९५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७८	१०६	९७,५७,२९५	०	८	१,२२,१८३	०	७८	९८	९६,३५,११२	८,४८,५९९	७५,०७,४६६	१२,७९,०४७	०	०	८७,८६,५१३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
लमजुङ	७,३६,२९,७२७	0	५,६९,७४३	७,३०,५९,९८४	०	९६,३५,११२	८,२६,९५,०९७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	सामाजिक सुरक्षा तर्फ	१०,४००
२	२०८१/८२	आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	६०,७८३
३	२०८१/८२	आन्तरिक आयतर्फ	५१,०००
४	२०८०/८१	राजश्व छुट	२९,६४८
५	२०७९/८०	ब्याज असुलीः	१६,३५४
६	२०७९/८०	आय ठेक्कामा मूल्य अभिवृद्धि कर:	४,०३५
७	२०७८/७९	हर्जना रकम असुली	५,८५६

८	२०७८/७९	बढी राजस्व छुट	३,११,०००
९	२०७८/७९	प्राविधिक कर्मचारीको प्रोत्साहन भत्ता	६,३००
१०	२०७८/७९	नर्म्स भन्दा बढी भुक्तानी	४,२५०
११	२०७७/७८	पोशाक खर्च	९०,०००
१२	२०७७/७८	आन्तरिक आय	१,०२,३००
जम्मा			६,९१,९२६

बेसीशहर नगरपालिका, लमजुङ

(८०४३७४०१३००)

बेसीशहर नगरपालिका , लमजुङ

परिचय

१ **भूमिका**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकाम ११ वडा रहेको छ भने क्षेत्रफल १२७.६४ वर्ग किलोमिटर तथा ४४५९८ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।१३ देखि २०८२।०५।१७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको यस वर्षको आय-व्यय रु.१ अर्ब ८० करोड ५३ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,८३,१४११५५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रु.
१	शिक्षक तलब भत्ता बढी निकासा	१४१६४.२९
२	विद्यालय छात्रवृत्ति बढि निकासा	११२००
३	बैठक भत्ता बढी भुक्तानी	८२४५०
४	सामाजिक सुरक्षा बढी भुक्तानी	१७५३२७.२६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

वित्तीय प्रतिवेदन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ ।

आय					व्यय		
सि.नं.	विवरण	रकम	जम्मा	सि.नं.	विवरण	रकम	जम्मा
१	बैंक मौज्दात रकम (अ.ल्या)		७०३१७५३६.४२	१	क)कुल खर्च (पालिका तर्फ)		३११५७७२१६.१२
१.१	ग-४- १सन्चित कोष	४४५८०२२३.१६		१.१	चालु खर्च	१५४६९०९७२.१२	
१.२	धरौटी मौज्दात-ग-३	८१८७९१४.		१.२	पूँजीगत खर्च	१५६८८६२४४.	
१.३	ग-५- १ विविध कोष	३९६५९४१.३६		२	ख)संघीय अनुदान खर्च जम्मा		३१६५१४०१३.३३
१.४	ग-७- २ प्रकोप कोष	२०७६९५०.		२.१	सशर्त अनुदान खर्च	२८४७९१०३०.३३	
१.५	ग-२- ७ विविधखर्च खाता	११५०६५०७.९		२.२	समपुरक अनुदान	२६८१४३४१.	
२	संघीय वित्तीय हस्तान्तरण		४७३०७०४६५.	२.३	विशेष अनुदान	४९०८६४२.	
२.१	वित्तीय समानिकरण	११९८३८५६०.		३	ग)प्रदेश अनुदान खर्च जम्मा		३९२३४६५.
२.२	सशर्त अनुदान संघ	३१९२०२०००.		३.१	प्रदेश विशेष अनुदान खर्च	०	
२.३	समपुरक अनुदान	२७३४५२६३.		३.२	प्रदेश समपुरक अनुदान खर्च	३९२३४६५.	
२.४	विशेष अनुदान	६६८४६४२.		४	घ)कार्यसञ्चालन कोष तर्फको खर्च		
३	प्रदेश वित्तीय हस्तान्तरण		२३८०२४६५.	४.१	बेसिशहर नगरपालिका प्रकोप व्यवस्थापन कोष	७००००.	७००००.
३.१	प्रदेश समानिकरण	१७८७९०००.		४.२	विविध कोष ग-५- १	०	०
३.२	विशेष अनुदान	२००००००.		४.३	विविध खर्च (ग-२- ७)अन्तर्गत		११९७०२९६.८३
३.३	समपुरक अनुदान	३९२३४६५.		४.३.१	क- सडक वोर्ड-ग-२- ७	५४५१३६०.	
४	आन्तरिक आय,	३२३३८०४९.३७	३२३३८०४९.३७	४.३.२	ख- प्रदेश	४१४६२७.८३	

	बाट प्राप्त				स्थानीय शासन सहयोग कार्यक्रम		
५	संघिय/प्रदेश/ स्थानीय राजश्व बाँडफाँड		१६५२५२४७०.३५	४.३.२	घ-औधोगिक ग्राम स्थापना खर्च रकम	५१२७६५२.	
५.१.	संघिय राजश्व बाँडफाँडबाट प्राप्त	१२७२८०५१६.८८		४.३.३	ज-विद्युत प्राधिकरण	९७६६५७.	
५.२	प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त सवारी साधन कर	१४३१७५५८.४२		४.३.३		०	
५.३	स्थानीय राजश्व वाडफाँडबाट प्राप्त			४.३.४			
५.३.१	वाडफाँड भई प्राप्त दहत्तर वहत्तरको विक्रिबाट प्राप्त (६० प्रतिशत)	४७३०२२८.६९		५	ङ)अन्तरसरकारी अख्तियारी खर्च		२०४५३२३६२.९७
५.३.२	घरजग्गा रजिष्ट्रेशन दस्तुर	१८९२४१६६.३६		५.१	सामाजिक सुरक्षा तथा संरक्षण	१९६५४५८९९.९७	
५.३.३	वाडफाडबाट प्राप्त मनोरन्जन कर	०		५.२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(स्वास्थ्य चौकी भवन)	०	
५.३.४	वाडफाडबाट प्राप्त विज्ञापन कर	०		५.३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०९८६०६.	
६	अन्तरसरकारी अख्तियारी		२०४५३२३६२.९७	५.४	पर्यटन पूर्वाधार विकास कार्यक्रम	६८८७८५७.	
६.१	सामाजिक सुरक्षा तथा संरक्षण	१९६५४५८९९.९७		६	च)धरौटी खर्च(फिर्ता/ सदरस्याहा)	१७६५५०२.	१७६५५०२.
६.२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(स्वास्थ्य चौकी भवन)	०		७	छ)निकाशा फिर्ता		
६.३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०९८६०६.		७.१	संघीय(ससर्त चालु) निकाशा फिर्ता	३००४९०९८.६७	३८७१७८९१.६७

६.४	पर्यटन पूर्वाधार विकास कार्यक्रम	६८८७८५७.		७.२	संघीय(ससर्त पुँजीगत) निकाशा फिर्ता	४३६१८७१.	
७	कार्यसञ्चालन कोष तर्फको आय (धरौटी समेत)		१७२७२६१८.८३	७.३	संघीय(विशेष) निकाशा फिर्ता	१७७६०००.	
					संघीय(समपुरक) निकाशा फिर्ता	५३०९२२.	
७.१				७.४	प्रदेश (विशेष) निकाशा फिर्ता	२००००००.	
७.२	विविध खर्च खाता ग-२- ७	६९६५९८७.८३		८	ज)बैंक मौज्दात		९७५१५२२०.०२
७.३	क- सडक वोर्ड- ग-२- ७	५४५१३६०.			ग-१- १ आन्तरिक राजश्व खाता	०	
७.४	ख-पर्यटन मन्त्रालयबाट शोधभर्ना प्राप्त	०			ग-१- २ बाँडफाडबाट प्राप्त राजश्व खाता	०	
७.५	ग- प्रदेश स्थानीय शासन सहयोग कार्यक्रम	४१४६२७.८३			ग-१- ३ आन्तरिक अनुदान खाता	०	
७.६	घ-ठेक्का बैंक जमानत जफत रकम (संघीय कर दाखिला तथा राजश्व बांडफांड का लागि)	०			ग-२- २ चालु खर्च खाता (जोर वर्ष)	०	
७.७	ज-विद्युत प्राधिकरण(विभिन्न योजना)	१००००००.			ग-२- ४ पुँजीगत खर्च खाता (जोर वर्ष)	०	
७.८	च- बाल नगर कोष	१०००००.			ग-२- ७ विविध खर्च खाता	६५०२१९८.९	
७.९	विविध कोष ग-५- १	१५०००००.	१५०००००.		ग-३ धरौटी खाता	१३८९०३८७.	
८	प्रकोप व्यवस्थापन कोष ग-७-२	१३३८६५६.	१३३८६५६.		ग-४-१ संचित कोष खाता	६८३११०८६.७६	

८.१	धरौटी आय	७४६७९७५.	७४६७९७५.		ग-५-१ विविध कोष खाता	५४६५९४१.३६	
					ग-६-१ विभाज्य कोष खाता	०	
					ग-७-२ प्रकोप व्यवस्थापन कोष खाता	३३४५६०६.	
	कुल जम्मा	९८६५८५९६७.९४	९८६५८५९६७.९४		कुल जम्मा	९८६५८५९६७.९४	९८६५८५९६७.९४

२.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१९६५४५८९९।९७, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१०९८६०६।०० र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.६८८७८५७।०० समेत गरी रु.२०४५३२३६२।९७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	७०३१७५३६	६५५७४५५५८	६३२०१४६९४	**९७५१५२२०**
एकीकृत आर्थिक विवरणअनुसार	७०३१७५३६	९२६५७५०६२	९८६५८५९६७	**९७५१५२२०**
फरक	**०।०००**	**२७०८२९५०४।०००**	**३५४५७१२७३।०००**	**०।०००**

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. २७०८२९५०४ र यस वर्षको भुक्तानी रु. ३५४५७१२७३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वयन गर्न मिति २०७८।०८।१३ मा परिपत्र समेत गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको देखिएन । यसै गरी वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेको, अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सोअनुसार नभएकोले सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित सिलसिलाबद्ध हुन नसकेको, स्रोत/साधन र सम्पत्तिको उपयोगमा मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता ल्याउन

नसकिएको, प्रचलित ऐन नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि आश्वस्त हुन सक्ने अवस्था देखिँदैन । यसमा सुधार हुनु पर्दछ।

४ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख भएकोमा यस नगरपालिकामा आ.ले.प भएको भएता पनि चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको पाइएन । सबै कारोबार तथा वित्तीय विवरणको नियमित तथा आवधिक रुपमा आन्तरिक लेखापरीक्षण हुनुपर्दछ ।

५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

६ बजेट तथा कार्यक्रम

६.१ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.२ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भए तापनि उल्लेखित कार्यहरु गरेको पाइएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रकम रु. हजारमा

क्र.सं.	बजेट उपशीर्षक	बजेट र खर्च		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	अषाढ महिना
		बजेट	खर्च	खर्च	खर्च	खर्च	खर्च	खर्च
१	नगरपालिका	१७५९५९	१५६८८६	१३०७७	२३७८६	४४२२१	७५८०२	३६६७१
२	संघीय ससर्त	१४८००	८८३९	०	५४४	४१२३	४१,७२	१६०५
३	संघीय विशेष	१०५००	४९०९	०	०	२५९८	२३१०	२३१०
४	संघीय समपुरक	२८०००	२६८१४	७५३१	०	११८९१	७३९२	२९५०
५	प्रदेश समपुरक	१०००	३९२३	०	७००	२०१४	१२०९	९२३
जम्मा		**२३९२५९**	**२०१३७२**	**२०६०९**	**२५०३०**	**६४८४७**	**९०८८६**	**४४४६०**
			१००	**१०.२३**	**१२.४३**	**३२.२०**	**४५.१३**	**२२**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २०१३७२ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २०६०९ हजार (१०.२३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २५०३० हजार (१२.४३ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ६४८४७ हजार (३२.२० प्रतिशत) र चौथो त्रैमासिकमा रु. ९०८८६ हजार (४५.१३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४४४६० हजार (२२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने जोखिम रहने भएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६.४ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ११ वडाको लागि वडास्तरका ३७० र पालिकास्तरका २३५ गरी कुल ६०५ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.सं.	कार्यक्रमको नाम	योजना संख्या	रु. २० लाख भन्दा माथिका योजना संख्या	रु. ५ लाखदेखि २० लाखसम्मको योजना संख्या	रु. ५ लाख भन्दा कमका योजना संख्या
१.	पालिकास्तरीय	२३५	१४	३०	१९१
२.	वडास्तरीय	३७०	०	३५	३३५
जम्मा		**६०५**	**१४**	**६५**	**५२६**

उपर्युक्त विवरणबाट पालिकाले धैरे संख्यामा साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुने, सञ्चालन लागत बृद्धि भई लागत प्रभावी नहुने तथा गुणस्तर नियन्त्रण गर्न कठीन हुने जोखिम देखिन्छ। तसर्थ पालिकाले दीर्घकालीन प्रतिफल प्राप्त हुने गरी योजना छनौट तथा प्राथमिकीकरण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

६.५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३,२६,०३,०००/	२,४५,८७,६८७/	३.८९
२	पूर्वाधार विकास	१९,१६,१२,२२३/१६	१६,७५,९५,४४१/	२६.५२
३	सामाजिक विकास	३६,४७,४४,४३७/	३१,६५,०२,२३७/४८	५०.०८
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा विपत	२,३०,२८,८००/	१,६१,९७,४२५/	२.५६
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१४,८५,६४,७६३/	१०,७१,३१,९०३/९७	१६.९५
जम्मा		**७६,०५,५३,२२३/१६**	**६३,२०,१४,६९४/४५**	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.०८ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा विपद् तर्फ सबै भन्दा घटी २.५६ प्रतिशत रहेको छ ।

६.६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१/०३/१० मा रु. ७६ करोड ०५ लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१/०३/२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१/०४/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६.७ खर्च विश्लेषण

पालिकाको यस वर्ष आन्तिरक आयबाट रु.३२३३८०४९।०० राजस्व बाँडफाँड र अनुदानबाट रु.६६२१२५४००।०० समेत रु.६९४४६३४४९।०० आम्दानी भएकोमा चालु तर्फ रु.४३०६४२८७३।०० र पूँजिगत तर्फ रु.२०१३७१८२१।०० समेत रु.६३२०१४६९४।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.११ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.१३५४००००।०० खर्च भएको छ जुन आन्तरिक आयको ४१.८७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८ प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

६.८ बजेट अबण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष देहाय बमोजिमका दुई शीर्षकहरुमा बजेट व्यवस्था गरी देहाय बमोजिमका योजनामा रु. १९,८९,४०७।- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय र नगर प्रमुखको तोक आदेशबाट खर्च गर्ने गरेको देखिन्छ । ऐनको उपर्युक्त प्रावधान विपरित अवण्डा बजेटबाट कार्यपालिका र नगर प्रमुखले समय समयमा निर्णय गरी कार्यान्वयन गरेका योजनाहरुमा भुक्तानी भएको रकम अनियमित देखिएको रु.

क्र.सं.	मिति	भौ. नं.	विवरण	खर्च रकम
आवास, बस्ती तथा शहरी विकास सम्बन्धी फुटकरकार्यक्रमहरु				
१	२२/०६/२०८१	४३	वडा नं ८ को तिलानदी पार्कमा प्रतिक्षालय निर्माण	७९८२७
२	३०/०७/२०८१	७६	वडा नं १ को उदीपुर कालिका मन्दिरको पानी तथा तारबारव्यवस्थापन	९७५००
३	२३/०९/२०८१	१८२	वडा नं १० को सातकन्या आमा समुह भवन शौचालय निर्माण	३५६७३
४	११/०६/२०८१	२१	वडा नं १ स्थित मर्स्यान्दी किनारमा बनाइएको मरणघाट	२४२४५
५	१०/०८/२०८१	८५	वडा नं ७ स्थित लक्ष्मी बालमन्दिर विद्यालय रंगरोगन	६५०००
६	२५/०८/२०८१	११६	वडा नं ९ को गोरखकाली मन्दिर मर्मत	४८६००
७	२३/०९/२०८१	१८२	वडा नं १० को सातकन्या आमा समुह भवन शौचालय निर्माण	१०८४३७
८	२८/१२/२०८१	४७७	सशस्त्र प्रहरी वलको थप कोठा निर्माण	९८८००
९	२९/१२/२०८१	४९१	वडा नं ०९ को जीर्णोद्धार मन्दिर पुन निर्माण तथा ट्रस्टनिर्माण	१८५१७२
१०	२९/१२/२०८१	५०१	वडा नं ०२ को अधिकारी कुल मन्दिर संरक्षण	९६६०२
११	१७/०१/२०८२	५८०	वडा नं ८ कपुरेश्वर आमा समूहलाई आवश्यक रकम भुक्तानी	४७०७०
१२	२३/०१/२०८२	६०१	वडा नं १० ज्योति आमा समूहलाई फर्निचर खरिद	४००००
१३	०२/०२/२०८२	६३८	वडा नं ११ को शिवालय मन्दिर मर्मत	४८७५०
१४	२२/०२/२०८२	७४४	वडा नं ९ भान्छा घर निर्माण	७५२१५
१५	२६/०२/२०८२	७५८	वडा नं १ बाल विकाश प्रा.वि.छानो छाउने कार्यक्रम	६८२५०
१६	१७/०३/२०८२	८९८	वडा नं ११ अलैची भट्टी मर्मत	३४१२५
जम्मा				११५३२६६
सडक पूर्वाधार सम्बन्धी फुटकर कार्यक्रमहरु				
१	२७/११/२०८१	३५७	वडा नं ०२ को कटहरे फाँट ज्यामिरे खोला व्यवस्थापन र सडकनिर्माण	९३८५०
२	१९/१२/२०८१	४२०	वडा नं ०९ को साम्दीखोला स्थित खोल्सी बाटोमा चेक ड्यामनिर्माण	३८८७१
३	१९/१२/२०८१	४४०	वडा नं ०१ को ठुलो धिमिरे मोटरबाटो संरक्षण	३९५९५
४	२९/१२/२०८१	५१७	वडा नं १० को उपल्लो साँधु सडक निर्माण	४८५६५
५	३१/१२/२०८१	५२७	वडा नं ०२ को साठीकुना सडक स्तरोन्नति	९६७५३
६	१९/०१/२०८२	५८२	वडा नं ०२ को मरण घाट जाने बाटो निर्माण तथा मर्मत	१७४९६
७	१३/०२/२०८२	६९५	वडा नं ०७ को तुरतुरे पँधेरा देखि वेलफेयर सम्मको सडक निर्माण	१७००००
८	०२/०३/२०८२	७९१	वडा नं ०१ को गाइखुरे झरनाको खोला व्यवस्थापन	१४६२५०
९	१२/०३/२०८२	८४३	वडा नं ११ सडक मर्मत	३९०००
१०	१२/०३/२०८२	८५३	जिल्ला प्रहरी कार्यालय मार्फत फूलवारी बगैचामा ब्लकबिच्छाउने	१३४९०
११	१७/०३/२०८२	९००	वडा नं ३ यशोब्रम्हा मा.वि. मोटरवाटो निर्माण	६८१४६

१२	२०/०३/२०८२	९१८	वडा नं ०३ को शशस्त्र प्रहरी पोष्ट हुँदै गैरी देवपुजे जाने बाटोनिर्माण	३४१२५
१३	२३/०३/२०८२	९३८	वडा नं ०९ मा निर्मित मजुवाखोला फड्के को निर्माण	३००००
जम्मा				८३६१४१
कुल जम्मा				**१९८९४०७**

अनियमित भएको	१९,८९,४०७

७ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २०१३७१८२१।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

९ कानून निर्माण एवं कार्यान्वयन

९.१ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ५८ वटा ऐन, १२ वटा नियमावली, ७१ कार्यविधि, १२ निर्देशिका, १ मापदण्ड, ४ निति र १ आचारसंहिता लगायत १५९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

९.२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको ४० गरी कुल ४६ विवाद दर्ता भएकोमा ४३ वटा मात्र फर्स्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१० सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक

महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

११ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष सामाजिक परीक्षण गराएको पाइएन । नगरपालिकाबाट हुने आर्थिक कारोबारको जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनको लागि ऐनले गरेको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१२ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्दछ । नगरपालिकाले सो बमोजिम फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । डम्पिङ साइडको लागि उपयुक्त स्थान प्राप्त नभएको पालिकाको भनाई रहेको छ। पालिकाको पर्यावरणलाई स्वच्छ राख्न फोहरमैलाको उचित व्यवस्थापन सम्बन्धी कृयाकलापलाई प्राथमिकता दिनु पर्दछ ।

१३ संगठन तथा कर्मचारी व्यवस्थापन

१३.१ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित कर्मचारीहरुको तलब भत्तामा रु. ३,९५,७२,५७८।- खर्च लेखेको पाइयो । कानुन अनुसार तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१३.२ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २०२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, शिक्षा अधिकृत, हेल्थ असिष्टेन्ट, सब इन्जिनियर लगायत ४० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१३.३ दरबन्दी भन्दा बढी कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्ति गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमका पदमा ८ जना दरबन्दी भन्दा बढी करारमा नियुक्त गरी यो वर्ष रु. ३५,२५,५७२।- भुक्तानी गरेको पाइयो । यसरी ऐनको व्यवस्थाको प्रतिकूल दरबन्दी भन्दा बढी कर्मचारी सेवा करारमा राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

सि.नं.	पद	संख्या (जना)	मासिक तलब	वार्षक तलब
१	हेल्थ असिस्टेन्ट	१	३४७३०	४६१४९०
२	अ. न. मी.	३	३२९०२	१३१३१७८
३	अ. हे. व.	४	३२९०२	१७५०९०४
जम्मा				**३५२५५७२**

अनियमित भएको	३५,२५,५७२

१३.४ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका चालुबाट कर्मचारी कल्याण कोषमा रु.१५०००००.०० ट्रान्सफर गरेको छ । उक्त कोषको सञ्चालन सम्बन्धी कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था गरी कर्मचारी कल्याण कोष सञ्चालन गर्नुपर्दछ ।

१४ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष देहायको कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. १ करोड ७५ लाख ४८ र यस वर्षको थप रु. ९८ लाख ४ हजार सहित रु. २ करोड ७३ लाख ५२ हजार आय र रु. १ करोड २० लाख ४० हजार खर्च गरी रु. १ करोड ५३ लाख १२ हजार मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम गर्न चनौती हुने भएकोले कोषमा रकम ट्रान्सफर गरी खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

कोषको नाम	सुरु मौज्दात	यो वर्ष थप	यो वर्षको खर्च	बाँकी
विवध खर्च खाता	११५०६०००	६९६५०००	११९७००००	६५०२०००
कर्मचारी कल्याण कोष	३९६५०००	१५०००००	०	५४६५०००
प्रकोप व्यवस्थापन कोष	२०७७०००	१३३९०००	७००००	३३४६०००
जम्मा	**१७५४८०००**	**९८०४०००**	**१२०४००००**	**१५३१३०००**

१५ **इन्धन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । साथै इन्धन खर्च लेखाङ्कन गर्दा सवारी साधन सञ्चालन भएको स्थान, दुरी, इन्धन खपतको लगबूक, इन्धन खर्चको प्रयोजन लगायतका विवरण खुलाई अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष पदाधिकारी इन्धनमा रु. २३,००,०००।० र कार्यालय इन्धनमा रु.२०,००,०००।- खर्च लेखांकन गरेकोमा सो सम्बन्धी विवरण खुलाई अभिलेख राखेको देखिएन । पालिकाबाट प्राप्त वार्षिक जिन्सी विवरण अनुसार कार्यालयको स्वामित्वमा चार पाङ्ग्रे सवारी साधन ५ वटा र दुई पाङ्ग्रे सवारी साधन २८ वटा रहेको देखिन्छ । इन्धन खर्चको अभिलेख अद्यावधिक राखी इन्धन खर्चमा नियन्त्रण तथा मितव्ययिता कायम गर्नुपर्दछ ।

१६ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी रु. ३६०७००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ३२३३८०४९ को १.११ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१७ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिका कार्यालयले यो वर्ष नगरपालिका चालु शीर्षकबाट अतिथि सत्कार खर्च, खाना/खाजा तथा अन्य भैपरी खर्च लगायतमा रु. ४९,६९,८८८।०० खर्च लेखाङ्कन गरेको पाइयो । जुन नगरपालिकाको आन्तरिक राजस्व रु. ३,२३,३८,०४९।- को तुलनामा १५.४ प्रतिशत रहेको छ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

१८ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको (PAMS V१) मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको (PAMS V२) मा प्रविष्टी गर्नुपर्नेमा पूर्ण रुपमा गरेको पाइएन । अनिवार्य रुपमा PAMS V२ मा अल्या हुन बाँकी जिन्सी मालसामानको आम्दानी बाँधी जिन्सी वार्षिक विवरणलाई अद्यावधिक गर्नुपर्दछ ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

१९ प्रकोप / विपद् व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । नगरपालिका विपद् व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -

१९.१ कार्य योजना

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले विपद् व्यवस्थापन समिति गठन गरेतापनि ऐन तथा नियमावलीमा तोकिएका उल्लिखित कार्यहरू गरेको पाइएन । समितिलाई ऐन तथा नियमावलीमा तोकिएको काम र कर्तव्य बमोजिम सक्रिय बनाउनु पर्दछ ।

१९.२ विपद् व्यवस्थापन कोष

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । कोषमा गत वर्षको मौज्दात रू. २०,७७,०००।०० र यस वर्षको आम्दानी रु. १३,३९,०००।- समेत

कुल रू. ३४,१६,०००।०० आम्दानी भएकोमा रू.७०,०००।०० खर्च गरी रु. ३३,४६,००००।०० बाँकी देखिन्छ । पालिकाले कोषको रकम खर्च गर्न तथा कोष सञ्चालन गर्न नियम बनाएको छैन ।

१९.३ वार्षिक प्रतिवेदन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२० परामर्श खर्च

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयको जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

गो भौ नं. मिति	कार्य विवरण	परामर्शदाता	खर्च रकम
६३४-२०८१।१०।६	वडा नं, १ तमु संग्राहलय भवनको detailed, design तथा structural analysis	सक्षम ईन्जिनियरिङ्ग सोलुसन्स प्रा लि	९६,१८६।-
८२०-२०८१।११।१८	वडा नं. ८ structural analysis and design of roof shade at landfill construction site	सक्षम ईन्जिनियरिङ्ग सोलुसन्स प्रा लि	९८,६८५।-
९१९-२०८१।१२।०५	वडा नं. ७ को तामाङ घेदुङ भवन निर्माण कार्यको structural analysis and design report तयार	आधिखोला ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रकसन प्रा.लि.	९६,१८३।-
	जम्मा:		**२,९१,०५४।-**

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । यस्तो खर्च गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता देखिएन।

२१ सफ्टवेयर खरिद र परिचालन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरी खरिद कार्य गर्नु पर्ने उल्लेख छ ।पालिकाले २०७६ सालमा रु. २,२०,३५०।- मा एकीकृत संकलन प्रणाली सफ्टवेयर खरिद गरेको देखिन्छ । उक्त सफ्टवेयरको वार्षिक मर्मत सम्भार खर्च वापत यो वर्ष रु. ६२,१५०।- भुक्तानी गरेको छ भने हालसम्म मर्मत सम्भार खर्च वापत रु. २,८५,८९०।– रकम भुक्तानी गरेको देखिन्छ । सफ्टवेयर खरिदको आवश्यक्ता, लागत अनुमान तथा त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर सञ्चालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

२२ कृषि तथा पशुतर्फ

२२.१ अनुदानको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उपप्रमुखको संयोजकत्वमा गठित समितिले नगरपालिकामा भएका योजना तथा कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वितरणमुखी कार्य गर्दा कार्यविधि बनाई त्यसको आधारमा समन्यायीक ढङ्गले गर्नुपर्दछ । लागत साझेदारीमा अनुदान वितरण गर्दा कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ।यस नगरपालिकाले नगरसभाबाट कार्यविधि बेगर सोझै योजना पारित गरी केही नाफामूलक फर्म/संस्था तथा फर्महरुलाई समेत विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएको पाइयो साथै अनुदानको उपयोग स्थिति तथा उपलब्धि सम्बन्धमा प्रतिवेदन तयार गरेको समेत पाइएन।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु क्षेत्रमा यो वर्ष देहाय अनुसार रु. ४८,५१,५४८।१३ अनुदान वितरण गरेको पाइयो ।तसर्थ अनुदानको उपयोग गरी संस्थागत आयमा भएको वृद्धिका साथै कामको दिगोपना र दीर्घकालिन रोजगारी सिर्जना भएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

क्र.स	कार्यक्रमको नाम	भुक्तानी लिनेको नाम	लाभान्वित कृषक/कृषि फर्महरु	भुक्तानी रकम
	कृषि तर्फ			
१	जैँ घाँसको बिउ वितरण (५० प्रतिशत)	कृषकहरु	४१६ जना	२,६०,८३९.००।-
२	सुडान घाँसको बिउ वितरण (५० प्रतिशत)	कृषकहरु	७६ जना	३९,८७२.०० ।-
३	डाले घाँसको विरुवा वितरण (५० प्रतिशत)	कृषकहरु	२०२ जना	९८,८४२.०० ।-
४	गाई/भैसीको गोठ स्थापना तथा मर्मत (५० प्रतिशत)	कृषकहरु	९ जना	४,२४,५७४.०० ।-
५	गाई/भैसीको मोडेल फर्म स्थापना (५० प्रतिशत)	बहुउदेश्य कृषि तथा पशु फर्म	२ जना	३,००,०००.०० ।-
६	मत्स्य पोखरी मर्मत (५० प्रतिशत)	कृषकहरु	२ जना	३०,०००.०० ।-
७	डिपिङ्ग ट्याङ्क वितरण (५० प्रतिशत)	कृषकहरु	५ जना	१,२७,८०४.३८ ।-
८	मिल्क क्यान वितरण (५० प्रतिशत)	कृषकहरु	८ जना	
९	सोलार वितरण (५० प्रतिशत)	कृषकहरु	१२ जना	१,३०,०७१.०० ।-
१०	त्रिपाल वितरण (५० प्रतिशत)	कृषकहरु	१४ जना	
११	Cow Mat वितरण (५० प्रतिशत)	कृषकहरु	२९ जना	२,०९,७००.०० ।-
१२	पशु विमा शुल्कमा अनुदान (कुल विमा शुल्कको २० प्रतिशत)	कृषकहरु	१०४ जना	२,०६,०९८.०० ।-
	पशुपन्छी तर्फ			
१३	५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण	मुक्तिनाथ कृषि कम्पनी लि.	३५	८,५०,०६२.५
१४	५० प्रतिशत अनुदानमा मकै रोप्ने मेशिन वितरण	B.U.K.S. TRADERS PVT LTD	१३	६५,०००।-
१५	५० प्रतिशत अनुदानमा सिल्पोलिन प्लाष्टिक, मल्चिङ प्लाष्टिक र स्प्रेयर वितरण	जयकाली कृषि फर्म	७१	२,३७,५५०।-
१६	पुरानो मिनिपकेट निरन्तरता कार्यक्रम	३ कृषक समूह	५४	२,५४,९१२।२५
१७	मौरीको नयाँ मिनिपकेट स्थापना कार्यक्रम	गाउँभाचोक कृषक समूह	२१	२,८५,४९५।-
१८	५० प्रतिशत अनुदानमा मौरीपालन सहायक सामाग्री वितरण	प्रिति एण्ड आस्था तमु मौरीपालन फर्म	६६	१,७८,९९५।-
१९	५० प्रतिशत अनुदानमा मकैको बिउ वितरण	DANDAKALIKA AGRO-VET	१२९६	२,१६,७३०।-
२०	५० प्रतिशत अनुदानमा धानको बिउ वितरण	EVEREST AGRO TRADERS	७४२	१,९८,२३५।-
२१	नर्सरी प्रवर्द्धन कार्यक्रम	५ पशुपन्छी फर्म	९९७	४,९२,६७८।-
२२	प्राङ्गारिक मल उत्पादन तथा व्यवस्थापन कार्यक्रम	मर्स्याङ्दी विच एग्रो फर्म, धाउ गुरुङ	२	६०,०००।-

२३	फलफूल खेती प्रवर्द्धन कार्यक्रम	गोविन्द गोमा फलफूल तथा नर्सरी फर्म	६६	१,५७,०५०।-
२४	उत्पादनमा आधारित कार्यक्रम	विभिन्न कृषक	२०	२७,०४०।-
			जम्मा	**४८,५१,५४८।१३**

२२.२ **मापदण्डको पालना नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु, गराउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न मिति देहाय बमोजिमका वडाबाट संचालित कार्यक्रमहरु अन्तर्गत कृषक समूहहरुसँग सम्झौता गरी रु. ४,२१,६००।- को बाख्रा, बंगुर लगायतका पशुपन्छी खरिद गरी वितरण गरेको पाइयो। वडा कार्यालयलाई पालिकाको पशुपन्छी शाखाबाट प्राविधिक सहयोग सम्बन्धमा तोकिएका मापदण्ड बमोजिम खरिद गरिने बाख्राको PPR खोप अनिवार्य लगाएको, न्यूनतम २० केजी, बढीमा २ वेत व्याएको, Roomy Hind Quarter, अनिवार्य विमा लगायतका मापदण्ड तोकिएको छ। त्यस्तै बंगुरको हकमा ४५ दिन पुरा, Iron Injection, खोरेत विरुद्धको खोप अनिवार्य लगाएको एवं कुखुरको चल्लाको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त Hatchery बाट प्रमाणित १ दिने चल्ला र कुखुरा व्यवसायी संघ र ह्याचरी व्यवसायी संघले तोकेको मुल्यमा खरिद हुनुपर्ने मापदण्डहरु तोकेको छ। खरिद भई वितरण भएका पशुपन्छीहरु उल्लिखित मापदण्ड पुरा नगरेको तथा पशु प्राविधिकबाट प्रमाणित नभएकोले उक्त अनुदान रकम अनियमित देखिएको रु.

भौ.नं.।मिति	**कार्यक्रम**	**वितरणगरिएको**	**संख्या**	**दर**	**रकम**	**अनुदान**
७७५-२०८२।२।२७	दलित लक्षित आर्थिक सशक्तिकरण कार्यक्रम (वडा नं. २)	बाख्रा	३२	१००००	३२००००	१६००००
		बंगुर	१६	७५००	१२०००	६००००
		कुखुराको चल्ला	७००	९०	६३०००	६३०००
७७९-२०८२।२।२८	विपन्नदलितलाई बंगुर पाठा वितरण (वडा नं.५)	बंगुरकोपाठा	१८	७७००	१३८६००	१३८६००
जम्मा						**४२१६००**

अनियमित भएको	४,२१,६००

२२.३ (७८७-2082-03-01):

कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायको प्राविधिकले जाँचपास गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ। पालिकाले भौचर नं. ७८७ मिति २०८२।३।१ मा कृषि तथा पशु लक्षित कार्यक्रम अन्तर्गत रु. २,४४,४१९।- को सिँचाई पाइप खरिद गरी खर्च लेखेको छ। उक्त पाइप उपयोग भएको देखिने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छैन। पाइप उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु.

गोभौनं./मिति	**सामाग्री**	**स्पेसिफिकेशन**	**परिमाण**	**दर**	**जम्मा खर्च**
७८७-२०८२।३।१	HDPE पाइप	६३ mm PN ६	१३३० मि	१६९.५०	२२५४३५
	HDPE पाइप	२५ mm PN१२.५	३००मि	५०.८५	१५२५५
	HDPE पाइप	२० mm PN१६	१००मि	३७.२९	३७२९
जम्मा					**२४४४१९**

प्रमाण पेश नगरेको	२,४४,४१९

२३ **शिक्षा तर्फ**

२३.१ **शिक्षक दरबन्दी मिलान तथा अनुगमन**

शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० मा कुनै खास स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बिद्यालयहरुको आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुन वितरण गर्न पाउने व्यवस्था छ। साथै शिक्षा ऐन, २०२८ को दफा १५ अनुसार दुई वा दुईभन्दा बढी बिद्यालयलाई गाभी एउटा बिद्यालय कायम गर्न अनुमति तथा स्वीकृती दिन सक्नेछ। यस पालिकाको बिद्यालयहरुमा बिद्यार्थि संख्याको तुलनामा शिक्षक दरबन्दी तथा पदपुर्ति भएको अभिलेख पेश भएन। पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गर्नु पर्ने, अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गर्नुपर्ने र विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनेतर्फ ध्यान दिनु पर्दछ।

२३.२ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या अनुसूचीमा संलग्न रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा २३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२३.३ **अनुदान अनुगमन**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ अनुसार विद्यालयलाई विभिन्न शीर्षकमा उपलब्ध हुने अनुदानको अनुगमन हुनु पर्दछ । यो वर्ष नगरपालिकाबाट विभिन्न विद्यालयहरुलाई आईसिटी ल्याव, पुस्तकालय स्थापना तथा सञ्चालन अनुदान, नवीन प्रविधि अनुदान तथा कार्यसम्पादनमा आधारित उपलब्ध गराएकोमा अनुदान रकमको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान रकमको सहि सदुपयोग भएकोमा आश्वस्त हुन सक्ने आधार देखिएन । अनुदान रकमको अनुगमन गरी उपयोग भएको सुनिश्चित गर्नु पर्दछ ।

२३.४ **विद्यालय लेखापरीक्षण अनुदान**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु. १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु. १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको र सोही बमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ व २०८१।८२ मा विभिन्न ४२ विद्यालयको आर्थिक लेखापरिक्षणको लागि रु. ४९००००।०० रकम निकासा गरी खर्च लेखेको छ । निकासा भएको आर्थिक वर्षको लेखापरीक्षण हुन बाँकी रहेको छ । समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी प्रतिवेदनका व्यहोरा उपर कारबाही समेत गर्नु गराउनु पर्दछ ।

२३.५ **विद्यालयगत निकासा खाता**

पालिकाले प्रत्येक विद्यालयको स्थायी तथा अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब, ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ ।पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन।यसरी विद्यालयगत निकास खाता नराख्दा विद्यालयबाट माग भएको र पालिकाबाट निकासा दिएको रकम भिडान गर्न सकिने देखिएन। निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत

स्थिति स्पष्ट हुन सकेन।अतः पालिकाबाट विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासाको एकिकृत अभिलेख खाता तयार गर्नु पर्दछ।

२३.६ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११३६ जना रहेका छन। पालिकाले ए जि हेल्थ इण्डष्ट्रिज प्रा.लि.बाट १६७५० थान स्यानिटरी प्याड रु. ४,७३,९४४।- (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपत तथा मौज्दात परिमाणलाई आधार मानी खरिद गर्नुपर्नेमा सो सम्बन्धी अभिलेख प्राप्त भएन । नगरपालिकाले वर्षान्तमा खरिद गरी विद्यालयहरुलाई एकमुष्ठ वितरण गरेको देखिन्छ। वितरण गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा भण्डारण गर्ने तथा कार्यविधि अनुसार वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२३.७ दिवा खाजा सम्बन्धमा

वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदानमा प्राप्त रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्दछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०८१।८२ को शिक्षातर्फको सर्शत कार्यक्रम कार्यान्वयन पुस्तिकामा पालिकाले दिवा खाजा वापतको अनुदान निकासा गर्दा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तथा यसरी तेस्रो त्रैमासिकमा निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र निकासा दिनुपर्ने व्यवस्था छ। विद्यालयहरुले IEMIS तथ्यांक अनुसारकै शत प्रतिशत विद्यार्थीको हाजिरी विवरण पेश गरेकोमा पालिकाले सो तथ्यांकको सत्यापन नगरी यो वर्ष ४६ विद्यालयहरुलाई दिवा खाजा बापत रु. ४०४८२३०।- निकासा गरेको पाइयो । अतः IEMIS तथ्यांक तथा यथार्थ विद्यार्थी संख्याको सत्यापन गराएर मात्र यस्तो रकम निकासा गर्ने व्यवस्था हुनुपर्दछ।

२३.८ विद्यालयको अनुगमन नियमन व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ।

२३.९ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोतत केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने ब्यबस्था छ। आ.व.२०८१।८२ मा पालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर स्थिति तथा सो सम्बन्धी अनुगमन प्रतिवेदन तयार गरेको देखिएन। नगरपालिकाले आफ्नो कार्यक्षेत्रका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न ध्यान दिनु पर्दछ।

२३.१० इन्टरनेट जडान

सुचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि कार्यक्रम कार्यान्वियन पुस्तिका

२०८१ को क्रियाकलाप नं २.७.१३.१० मा ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गरी खर्च गर्ने उल्लेख छ। पालिकाले विभिन्न ३४ विद्यालयलाई रु. ४०८०००।०० अनुदान उपलब्ध गराएकोमा इन्टरनेट जडान भए नभएको सम्बन्धमा अनुगमन गरेको छैन । अनुदान निर्दिष्ट प्रयोजनमा उपयोग भएको एकिन गर्न स्थानीय तहबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्ने रु.

सि नं	विद्यालयको नाम	रकम
1.	जनविकास मावि बेसीशहर	१२०००
2.	जनविकास मावि चण्डीडाँडा	१२०००
3.	गंगामिलन मावि मकैडाँडा	१२०००
4.	जनकल्याण मावि चिती	१२०००
5.	बालकल्याण मावि भकुण्डे	१२०००
6.	लमजुङ मावि गाउँशहर	१२०००
7.	जनकल्याण मावि उदीपुर	१२०००
8.	जनजागृती मावि बाँझाखेत	१२०००
9.	लोकराज आदर्श मावि कार्कीडाँडा	१२०००
10.	यशोब्रम्ह मावि गाउँशहर	१२०००
11.	कालिकामिलन मावि चिसापानी	१२०००
12.	अन्नपूर्ण मावि नाल्मा	१२०००
13.	सेवासदन मावि पुरानोकोट	१२०००
14.	बाल विकास मावि रामचोक	१२०००
15.	चन्द्र ज्योती आवि विम्दाबेसी	१२०००
16.	जन जागृती आवि बरबोटबेसी	१२०००
17.	भविष्यनिर्माण प्रावि पाङ्ग्रेक्यु	१२०००
18.	नवीन प्रावि वाँझाखेत	१२०००
19.	हिमज्योती प्रावि भाचोक	१२०००
20.	बालकल्याण प्रावि रातामाटा	१२०००
21.	लक्ष्मीवाल मन्दिर प्रावि बेसीशहर	१२०००
22.	समदर्शी प्रावि बेसीशहर ९	१२०००
23.	चिति प्रावि रामचोक	१२०००
24.	जनसेवा प्रावि चिति	१२०००
25.	शान्तिभवन प्रावि चिति स्याउत	१२०००
26.	युवाज्योती प्रावि चिति	१२०००
27.	बालविद्याश्रम प्रावि नरुवाल	१२०००
28.	देविसदन प्रावि नयाँगाउँ	१२०००
29.	चन्द्रोदय प्रावि ठूलोधिमिरे	१२०००
30.	गणेश प्रावि खाँचे	१२०००

31.	चनौटे प्रावि चण्डीस्थान	१२०००
32.	चण्डेश्वरी प्रावि चण्डीस्थान	१२०००
33.	लिला ज्योती प्रावि चितुवावन	१२०००
34.	बालविकास प्रावि सानोधिमिरे	१२०००
जम्मा		**४०८०००**

प्रमाण पेश नगरेको	४,०८,०००

२३.११ **निःशुल्क पाठ्यपुस्तक**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार विद्यालयहरुलाई नि:शुल्क पाठ्यपुस्तक बापतको रकम निकासा दिँदा IEMIS मा प्रबिष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तक संख्या यकिन गरी रकम अनुदान दिनुपर्दछ । यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत र २०८१ वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद एवं वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम थप गर्न सकिने व्यवस्था निर्देशिकामा रहेको छ । पालिकाले कक्षा १ देखि १२ सम्मका ।।।।। विद्यालयलाई नि:शुल्क पाठ्यपुस्तक बापत IEMIS तथ्याङ्कको आधारमा पहिलो पटकको ७५ प्रतिशतले हुने रकम रु.१३४८३१५।७३ र दोस्रो २५ प्रतिशतले हुने रकम रु. ५३२०८३।५५ समेत जम्मा रु. १८८०३९८।०० निकासा दिएको देखिन्छ।

२४ **औषधि खरिद**

पालिकाले २०८१।९।५ मा गरेको शिलवन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार ३ वटा फर्महरुले शिलवन्दी दरभाउपत्र पेश गरेकोमा तथा २०८१।१०।६ को मूल्याङ्कन समितिको सिफारिस अनुसार सबैभन्दा कम रकम (लागत अनुमान भन्दा ६३.९७% न्यून) कबुल गर्ने मेडि सेल्स फर्मा, चितवनको रु. ५,९६,७९५।- को प्रस्ताव स्वीकार गरी २०८०।१०।२५ मा सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नुसार छन् :

२४.१ **दाखिला गर्नुपर्ने**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत अवधि बाँकी हुनुपर्ने उल्लेख छ । औषधि दाखिला गर्दा उल्लिखित व्यहोरा खुलाई जिन्सी आम्दानी गरेको देखिएन ।

२४.२ **लागत अनुमान**

पालिकाले यस वर्ष खरिद गर्ने औषधिको लागत अनुमान बनाउँदा विभिन्न ४९ आइटमहरुको लागि ९ वटा फर्महरुबाट दरभाउपत्र लिई सोको औसत दररेटलाई आधार मानी रु. १६,५५,८९३।- को लागत अनुमान तयार गरेको पाइयो । गत वर्षको खरिद दररेट, गत वर्षको सम्झौता दर तथा उद्योग वाणिज्य संघको रेटलाई समेतको आधारमा लागत अनुमान बनाउनुपर्नेमा सो अनुसार गरेको पाइएन ।

२४.३ **औषधिको म्याद**

आपूर्तक मेडि सेल्स फर्मासँग भएको सम्झौता बमोजिम आपूर्ति हुने औषधिहरु कार्यालयमा प्राप्त हुन आएको मितिबाट कम्तिमा १८ महिना Expiry Date (म्याद) हुनुपर्ने वा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी हुनुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले खरिद सम्झौता गरेका आपूर्तकको बिल परीक्षण गर्दा तोकिएको अवधिभन्दा कम म्याद रहेको देखिएको छ । तोकिए भन्दा कम म्याद भएका देहाय अनुसार रु. १,४९,५४०।- मूल्यका औषधि म्याद भित्र उपयोग भए नभएको यकिन गरी नियमित गर्नुपर्ने रु.

सि.नं.	औषधिको विवरण	खरिद मिति	औषधिको म्याद	परिमाण	दर	रकम
१	Azithromycin ५००mg	Feb-२५	Apr-२६	२०००	२१	४२०००
२	Permethrin Cream ३०gm	Feb-२५	Apr-२६	१००	१४०	१४०००
३	Povidone Iodine sol ४५०ml	Feb-२५	May-२६	१५०	१३५	२०२५०
४	Aspirin ७५mg	Feb-२५	Feb-२६	१०००	०.५५	५५०
५	Aluminium Hydr.२५०mg+Magnesium	Feb-२५	Apr-२६	१००००	१.४	१४०००
६	Sulphanethaoxazole ८००mg	Feb-२५	May-२६	५००	२.४	१२००
७	Doxycycline १०० mg	Feb-२५	Feb-२६	३०००	१.५	४५००
८	Lignocaine २% inj. ३०ml	Feb-२५	Mar-२६	६०	३४	२०४०
९	Zinc DT Tab २०mg	Feb-२५	Apr-२६	५०००	१.२	६०००
१०	Azithromycin २५०mg/५ml Susp	Jun-२५	Jun-२६	७००	६०	४२०००
११	Ciprofloxacin eye ear drop ५ml	Jun-२५	Nov-२६	१५००	२	३०००
जम्मा						**१४९५४०**

अनियमित भएको	१,४९,५४०

२५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

२५.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तर्जुमा भएको छ । कार्यक्रम अन्तर्गत पालिकाका ९ वटा वडामा देहाय बमोजिमका योजना सञ्चालन गरी यो वर्ष ८२ जनालाई औसतमा ६४ दिन रोजगारी उपलव्ध गराई रु. ३६,२३,८८०।- ज्याला प्रदान गरेको देखिन्छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

क्र.सं.	योजनाको नाम	वडा नं	खर्च	रोजगार संख्या (जना)	औषत रोजगारी दिन
१	सानो धिमिरे गोरेटो बाटो निर्माण योजना	१	१७९४००	४	७२
२	गोरेटो बाटो निर्माण योजना	१	२४९७८०	५	६५
३	पँधेरो खोलाबाट मगरगाउँ सम्म जाने गोरेटो बाटो निर्माण योजना	२	१९९४१०	५	५८
४	सडक योजना	२	१९९४१०	४	७३
५	गोरेटो बाटो निर्माण योजना	३	१९९४१०	५	५८
६	नयाँ सिंढी निर्माण योजना	३	१९५२७०	५	५७
७	चन्दनी देवी मन्दिर निर्माण योजना	३	१९५२७०	५	५७
८	भविष्य उज्वल आमा समुह भवन निर्माण योजना	४	२४९७८०	५	७२
९	होदुकु दलित बस्ती सिंढी निर्माण योजना	५	१५९३९०	४	५८
१०	सामुदायिक भवन निर्माण योजना	६	१९९४१०	५	५८
११	सेरा कुलो मर्मत योजना	६	१९९४१०	४	७२
१२	टाँडी बिसौनी हुँदै पोखरी टोलसम्म गोरेटो बाटो निर्माण योजना	९	४९९५६०	९	८१
१३	गोरेटो बाटो निर्माण योजना	१०	२४९७८०	५	७३
१४	खासुरबेसी गोरेटो बाटो निर्माण योजना	१०	१९९४१०	४	७३
१५	गोरेटो बाटो निर्माण योजना	११	२४९७८०	५	७२
१६	तिवारी डाँडाबाट पाण्डेगाउँ सम्म जाने गोरेटो बाटो निर्माण योजना	११	१९९४१०	४	७२
कुल जम्मा			**३६२३८८०**	**८२**	**१०७१**

२५.२ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा २ मा बेरोजगार व्यक्ति भन्नाले एक आर्थिक वर्षमा न्यूनतम १०० दिन रोजगारीमा संलग्न नभएको नागरिकलाई बेरोजगार व्यक्तिको रुपमा भनी परिभाषा गरेको छ। साथै सोही निर्देशिकाको बुँदा ५ अनुसार कार्यक्रमको उद्देश्य बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने रहेको छ। कार्यक्रम अन्तर्गत पालिकाका ११ वडाहरुमध्ये ९ वटा वडामा योजना सञ्चालन गरी यो वर्ष ८२ जनालाई औसतमा ६४ दिन रोजगारी उपलब्ध गराएको पाइयो। कुनै पनि योजनामा श्रमिकहरुलाई १०० दिनको रोजगारी प्रदान गरेको देखिएन। रोजगारी सृजनाको लागि रु. ४८,३६,०००।- विनियोजन भएकोमा रु. ३६,२२,०४०। खर्च भई बाँकी रकम रु. १२,१३,९६०।- फिर्ता भएको छ। तसर्थ निर्देशिकाले तोकेको उद्देश्य अनुरुप बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न विनियोजित बजेटबाट १०० दिनको रोजगारी सृजना हुने गरी योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

२६ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिएको स्थान र मिति समेत खुल्ने गरी अनुसूची (६) बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष पदाधिकारी तथा कर्मचारी भ्रमण शीर्षकबाट रु. २०,००,०००।- र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकबाट रु.२,३८,०७३।- समेत जम्मा रु. २२,३८,०७३। अनुगमन तथा भ्रमण खर्च लेखाङ्कन गरेको भ्रमण अभिलेख राखेको पाइएन ।

२७ **बैठक भत्ता**

पालिकाले विभिन्न विषयगत कार्यक्रम सञ्चालन गर्दा बैठक भत्ता वापत उल्लेखनीय रकम खर्च गर्दै आएकोमा यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन:

२७.१ कार्यालय समयमा नै गर्न सकिने तथा गर्नुपर्ने कामहरुलाई कार्यालय समयको भन्दा अगाडि वा पछाडि बैठक बसी भत्ता भुक्तानी हुने गरेको देखियो। यस सम्बन्धी केही उदाहरणहरु निम्नानुसार छन् -

गो.भौ.नं. र मिति	ब्यहोरा	भुक्तानी रकम	कैफियत
३४-२०८१।६।६	विभिन्न समयमा बसेको बैठक खर्च	१,०२,०००।-	माइनुटमा समय उल्लेख नगरेको
१८१-२०८१।६।२१	विभिन्न समयमा बसेको बैठक खर्च	१,७१,०००।-	माइनुटमा समय उल्लेख नगरेको
४२५-२०८१।८।२५	विभिन्न समयमा बसेको बैठक खर्च	१,२०,०००।-	माइनुटमा समय उल्लेख नगरेको
४२७-२०८१।८।२५	विभिन्न समयमा बसेको बैठक खर्च	१,४३,०००।-	माइनुटमा समय उल्लेख नगरेको

बैठकको आवश्यकता र औचित्य यकिन गर्दै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसार बैठक/अनुगमन भत्ता भुक्तानी दिनु पर्दछ ।

२७.२ स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८१।८२ मा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवं अर्धवार्षिक तथा वार्षिक समीक्षा कार्यक्रमको प्राप्त बजेटको खर्च गर्दा अर्थ मन्त्रालयद्वारा जारी कार्यक्रम सञ्चालन निर्देशिका (पछिल्लो संस्करण) अनिवार्य रुपमा पालना गर्नुपर्ने व्यवस्था रहेको छ । साथै, कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदाँ ४५ मा बैठक कार्यालय समय अघि वा पछि सम्पन्न हुनुपर्ने तथा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्न व्यवस्था रहेको छ । पालिकाले निर्देशिकाको उक्त प्रावधान विपरित भौ.नं. २९३-२०८२।३।१२ बाट रु. ६४,४००।- र भौ.नं. ५९-२०८२।१।२३ बाट रु. ६७,२००।- गरी जम्मा रु. १,३१,६००।- स्वास्थ्य संस्थाहरुको मासिक बैठकमा सहभागी भत्ता भुक्तानी गरेको छ। यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

२८ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले EFT मार्फत रु. १९,६५,४५,८९९।९७ सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

२८.१ **नागरिकता नम्बर दोहोरो**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै नागरिकता नम्बर दुई जनाको नाममा रहेको देखिएकोले सो सम्बन्धमा यकिन गरी लाभग्राही समुदायको संख्या यकिन गर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा देखिएका उदाहरण देहाय अनुसार रहेको छ :

Ward Number	Personal Id	Member Name	Citizenship Number	Deposited Amount
१	२००२१००२०१८१७	BHIM KUMARI LOHANI	९७६	१२०००
१	२०१२०६२९००९८३	Indra Bahadur Mishra	९७६	१२०००
२	२०१२०७०२००६२४	Putali Bishwokarma	४७९३	१२०००
२	२०१६०५११५०२६४३	Mithi Kami	४७९३	७९८०
३	२०१७१००५०४१७६	Mangali Kami	३४५५	७९८०
३	२०१८०६१५०१२३५	Jamuna Baral	३४५५	७९८०
५	२०१३०३०२०३७०८	Kum Ras Tamang	२७५४	१२०००
५	२००२१०१५०४२८४	Bir Lal Gurung	२७५४	१२०००
६	२०११११११०६२५३	Bishnu Maya Rimal	१७०७	१२०००
६	२०२२०५१२०१४०२	Goma Kami	१७०७	६३८४
७	२०११०६१००३३३६	USHA DEVI KHATRI GHIMIRE	५६८८	१२०००
७	२००६०११५०३७७३	Kali Maya Gurung	५६८८	१२०००
८	१९९६०४१००२७८१	Krishna Bahadur Rawal	५२६४	१२०००
८	२००३०४१५०४०४६	Mache Devi Silwal	५२६४	१२०००
९	२००९१०१४००४८८	Januka Sarki	६२६४	१२०००
९	१९९६०१०४०२५३३	Chini Kumari Alias Mithi Adhikari	६२६४	६२५
१०	२०१९०५२००२४५६	Jag Maya B. K.	१०१३	७९८०
१०	२००८१११००६०९५	Yadhav Chandra Ghale	१०१३	१२०००
११	१९९३०७१५०१०२२	Bedha Kumari Panday	६७८०	१२०००
११	२०१८०२०१०३२८९	Suk Maya Pariyar	६७८०	७९८०

२८.२ **अद्यावधिक गर्ने**

सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा ५(१)मा स्थानिय तहले प्रत्येक आर्थिक बर्षको लागी भदौमसान्त भित्र लाभग्रहीको नबिकरणको अभिलेख अनिबार्य रुपमा प्रणालिमा अभिलेख गर्नुपर्ने ब्यबस्था छ ।सो कार्यबिधिको बुँदा १० मा भत्ता पाउने लाभग्रहिको फोटो सहितको मुल अभिलेख लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने ब्यवस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहिको लगत अध्यावधिक नगरी रकम वितरण गरेको पाइयो। लाभग्राहीको लगत अध्यावधिक गरिनु पर्दछ।

२८.३ **निस्कृय खाता**

सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि, २०७७ को बुदा २६(३) मा एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको बिबरण सेवा प्रदायक बैकबाट अनुसुचि ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्यता नभएको पाईएमा सम्बन्धित बैकबाट लगत कट्टा हुने

मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयले निष्कृय खाताको विवरण राखेको पाइएन।

२८.४ **डाटा शुद्धिकरण**

प्रथम त्रैमासिक देखि चौथो त्रैमासिक सम्मको सामाजिक सुरक्षा रकम बैंकले विभिन्न मितिमा सेवाग्राहीको खातामा EFT मार्फत निकासा गरेको पाईयो । कार्यालयले सम्बन्धित शाखाबाट निकासाको प्रमाणित विवरण स्रेस्तामा राख्नु पर्नेमा राखेको देखिएन । अन्तिम त्रैमासिकसम्मको निकासा सन्दर्भमा कार्यालयले बैंकसंग समन्वय गरी डाटा शुद्धिकरण मार्फत बांकी रकम फिर्ता गर्नुपर्ने भएमा यकिन गरी उक्त रकम संघिय राजश्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

२८.५ **लगत कट्टा पश्चात सामाजिक सुरक्षा निकासा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची १०(९) बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जीकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन । उक्त कार्यविधि को बुँदा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मात्र निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयलाई बैंकबाट प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रीको परीक्षण गर्दा तपसिल बमोजिमका मृत्यु भएका लाभग्राहीहरुको लगत कट्टा पश्चात पनि लाभग्राहीको खातामा रकम पठाएको देखिएकोले यस सम्बन्धमा आवश्यक छानविन गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

Ward Number	Personal Id	Member Name	Citizenship Number	बढी निकासा रकम	कैफियत
२	१९८७०५०१००६८१	Madhe Rana	४५४२	७५००	२०८१।८।४ मा मृत्यू भएको दोस्रो त्रैमासिक पुरै निकासा
२	२००७०४०२०१०१७	Mangala Devi Thapa	४४७०	६९००	२०८१।५।८ मा मृत्यू भएको प्रथम त्रैमासिक पुरै निकासा
३	२००७०३०४०३३४२	Sukadev Baral	३९१३	३५००	२०८१।९।४ मा मृत्यू भएको दोस्रो त्रैमासिक पुरै निकासा
४	१९९००३१२०१०२४	DAL BAHADUR GURUNG	३३७४	४४००	२०८१।११।२७ मा मृत्यू भएको तेस्रो त्रैमासिक पुरै निकासा
६	१९९१०१०११२२७३	Rana Bahadur Rimal	१८०९	२७३००	२०८१।७।५ मा मृत्यू भएको चौथो त्रैमासिक पुरै निकासा
६	१९९५०५०५०३०४४	Tika Maya Bhandari	१५३६	६९००	२०८१।८।८ मा मृत्यू भएको दोस्रो त्रैमासिक पुरै निकासा
७	२००२०३१३००९९३	Kamal Bahadur Thapa Chhetri	९५०५	२८००	२०८१।१२।९ मा मृत्यू भएको तेस्रो त्रैमासिक पुरै निकासा
७	१९८५१११२१००१११	Tilak Bahadur Poudel	३०५	९०००	२०८१।१०।२२ मा मृत्यू भएको तेस्रो त्रैमासिक पुरै निकासा
९	२००००६०६००७८८	Ukhu Maya Adhikari Chhetri	४७४	४४००	२०८१।११।२७ मा मृत्यू भएको तेस्रो त्रैमासिक पुरै निकासा
९	२००९०६१००४६१९	Padam Bahadur Basnet	४५–०१–७८–०५०९२	१४६६	२०८१।६।१९ मा मृत्यू भएको प्रथम त्रैमासिक पुरै निकासा
११	१९९१०३१५०१४८८	Laxmi Kumari Panta	५९५३	२५३००	२०८१।९।२० मा मृत्यू भएको तर चौथो त्रैमासिक सम्म पुरै निकासा
११	२०१११२०७०३१७३	Sarswoti Khatri	६५५४	१२८००	२०८१।९।२४ मा मृत्यू भएको तेस्रो त्रैमासिक सम्म पुरै निकासा
११	२००३०३१३००७७७	Tilak Bahadur Tiwari	६१०५	२४०००	२०८१।१०।१ मा मृत्यू भएको तर चौथो त्रैमासिक पुरै निकासा
११	२००२०७२३००२२५	Toop Bahadur Bhandari	७००९	३७०००	२०८१।६।२२ मा मृत्यू भएको तर चौथो त्रैमासिकसम्म पुरै निकासा
११	२००४०८०८००३२९	Buddhi Kami	६३९२	३५००	२०८१।९।४ मा मृत्यू भएको दोस्रो त्रैमासिक पुरै निकासा
११	२००७०२०१०१०३९	LILA KUMARI PANTA CHHETRI	५३३७	२५००	२०८२।३।११ मा मृत्यू भएको चौथो त्रैमासिक पुरै निकासा
११	२००७०३२१०२३२२	BISHNU MAYA SARKI	४५१०५१-७५६३	९८००	२०८२।१।१६ मा मृत्यू भएको चौथो त्रैमासिक पुरै निकासा
११	१९८८०८०९००२१५	Udhaya Bahadur Kutal	६९७०	१०६००	२०८२।१।१० मा मृत्यू भएको चौथो

					त्रैमासिक पुरै निकासा
११	१९९२१००२००४६५	Rudra Kumari Bhandari	५१९५	७२००	२०८२।२।६ मा मृत्यू भएको चौथो त्रैमासिक पुरै निकासा
जम्मा				**२०६८६६**	

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२,०६,८६६

२९ **कार्यक्रम सञ्चालन नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस वर्ष प्राप्त सशर्त बजेटमध्ये देहाय अनुसारको कार्यक्रमहरु सञ्चालन हुन नसकी रकम फ्रिज भएको देखियो । वार्षिक रुपमा विनियोजन हुने रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हासिल हुने देखिँदैन । अतः तोकिए अनुसारको कार्यक्रम कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

क्र.सं.	**कार्यक्रम**	**विनियोजन**
१	कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम	९०००००
२	स्थानीय तहको रोजगार रणनीति तर्जुमा/ अध्यावधिक/ कार्यान्वयन तथा आन्तरीक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन	१०००००
३	रोजगार संवाद मञ्चको सञ्चालन	३००००
४	श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन	१०००००
५	प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान	३०००००
कुल जम्मा		**१४३००००**

३० **लघुउद्यम कार्यक्रम**

गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेड्पा) अन्तर्गत यस वर्ष रु. १३,००,०००।- विनियोजन भएकोमा रु. १२,८५,०००।- खर्च भएको पाइयो । पालिकाले यस वर्ष देहाय बमोजिमका ३ वटा प्राविधिक सीपमूलक तालिम सञ्चालन गरी ३४ जनालाई तालिम प्रदान गरी प्रविधि हस्तान्तरण गरेको जनाएको छ ।

सि.नं	**तालिम**	**सहभागी**	**अवधि**	**खर्च रकम**
१	व्यवसाय सचेतना, लैँगिक समानता तथा सामाजिक समावेशीकरण तालिम	२१ जना	८ दिन	४४३०५
२	आधारभूत ब्यूटिपार्लर सीप विकास तालिम	३ जना	९० दिन	४५०००
३	मौरीपालन सम्बन्धी पुनर्ताजकी सीप विकास तालिम	१० जना	१ दिन	१५३००
जम्मा				**१०४६०५**

गरिबी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम सञ्चालन गरी सम्पन्न कार्यक्रमहरुको प्रभावकारिता एवं तालिम पश्चातको रोजगारी सृजनाको अवस्था सम्बन्धमा समेत अनुगमन गर्नुपर्दछ ।

३१ **प्रविधि हस्तान्तरण**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४० मा लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने व्यवस्था छ। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण गर्नुपर्ने भनी तोकिएकोमा पालिकाले देहाय बमोजिमका २ लघु उद्यमी समूह र ७ जना व्यक्तिलाई प्रविधि हस्तान्तरण गरेको पाइयो।

सि.नं	लघु उद्यमी	प्रविधि	पालिका तर्फ	लागत साझेदारी	जम्मा रकम
१	विभिन्न १३ जना उद्यमी	सिलाई मेशिन, स्टुल, कैँची इत्यादि	१७३२२४	४३३०६	२१६५३०
२	विभिन्न १६ जना उद्यमी	मौरीको घार	६४०००	१२८००	६४०००
३	१ जना उद्यमी	इलेक्ट्रिक तौल मेशिन र दाना खाने भाडा	१२१९२	३०४८	१५२४०
जम्मा					**२९५७७०**

पालिकाले उद्यमीले प्राप्त प्रविधि अनुदानको उपयोग गरी संस्थागत आयमा भएको वृद्धिका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी समुदायलाई पुर्‍याएको योगदानका सम्बन्धमा समेत अनुगमन गर्नुपर्दछ।

३२ नन-फाइलर

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले कर विवरणको अवधि समाप्त भएको मितिले २५ दिन भित्र कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा अर्थ मन्त्रालयले चलानी नं. ३२७ बाट मिति २०७७।०८।०९ मा निर्माण व्यवसायी लगायतका फर्महरुले आयकर तथा मूल्य अभिवृद्धि कर विवरण पेश गर्न बाँकी रहे, नरहेको सुनिश्चित गरेर मात्र सार्वजनिक निकायहरुले भुक्तानी दिनुपर्ने परिपत्र गरेको छ । यस पालिकाको विभिन्न कार्यमा संलग्न देहायका निर्माण व्यवसायी तथा अन्य फर्महरु समयमा कर विवरण पेश नगरी नन-फाइलर रहेको अवस्थामा पालिका कार्यालयले मू.अ. करसहितको रकम भुक्तानी गरेको देखियो। अतः देहायअनुसार भुक्तानी भएको मू.अ. कर रु. २,३०,६२८।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

भौ नं./मिति	योजना/कार्यक्रम	निर्माण व्यवसायी/आपूर्तिकर्ता	मू. अ. कर(७०%) भुक्तानी रु.	नन फाइलर अवधि
९३-०८१।८। १६(न.पा. पुँजीगत)	चण्डी स्थान स्वास्थ्य चौकी भवनको प्रथम रनिङ्ग बिल	कोजु । देशेमरु जे.भी. (PAN-६१७८३९४३३)	२,३०,६२८	मू.अ. करतर्फ२०७८।टी ३ देखि नन-फाइलर
कुल जम्मा			**२,३०,६२८।-**	

प्रमाण पेश नगरेको	२,३०,६२८

३३ सडक स्तरोन्नती

ठेक्का नं. Besishaharmun।WORKS।NCB।०८१।८२।०२, नगरपालिकाले मुलपानी - ठुलाखेत सडक निर्माण कार्य २०८२।१।३० सम्म सम्पन्न गर्ने गरी २०८१।८।६ मा निर्माण व्यवसायी तारकेश्वर कन्सट्रक्सन प्रा. लि. सँग रू. ३१६१४२६।३८ को खरिद सम्झौता गरेको छ । यो वर्ष गोश्वारा भौचर नं. १७।२०८१।१०।८ बाट सडक निर्माण कार्यको पहिलो तथा अन्तिम ठेक्का बिलको रू. ३११४९५२ भुक्तानी भएको छ। उक्त खरिद सम्वन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

३३.१ कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्ड GCC ४०.१ मा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीले आफ्नै लागतमा गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी दावी गरेको विलको आधारमा एडिसनल टेष्टको लागि व्यवस्था

गरिएको प्रोभिजनल समबाट गुणस्तर परीक्षण खर्च रू. २०२२९ भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू...... २०२२९

असुल गर्नुपर्ने	२०,२२९

३३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ्ग बिल वा अन्य विलको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले निर्माण व्यवसायी तारकेश्वर कन्सट्रक्सन प्रा. लि. लाई दिएको ठेक्का बिलसाथ सम्लग्न नापी कितावमा चेनेज ०+३७०÷०+३९० मा १४.२० मिटर लामो, चेनेज ०+३८२.५ मा ४.३० मिटर लामो र चेनेज ०+३९० बाट १०.२० मिटर दुवै तर्फको वालको मोटाई र उचाईको आधारमा औषत क्षेत्रफल ०.२९३ वर्गमिटर गणना गरी दुई तर्फको प्लम वालको परिमाण गणना गरेकोमा पुन: चेनेज ०+३८२.५÷०+३९० सम्म १३.१० मिटरमा औषत क्षेत्रफल १.८० वर्गमिटर गणना गरेको देखिन्छ । चेनेज ०+३८२.५÷०+३९० सम्मको लम्वाई ७.५ मिटर मात्र हुने, चेनेज ०+३८२.५÷०+३९० मा दुई तर्फी पर्खालको गणना भैसकेकोले चेनेज ०+३८२.५÷०+३९० सम्मको १३ मिटर प्लमवालको दोहोरो गणना भएको देखियो । कार्यालयको प्राविधिकसँग छलफल हुँदासमेत नापी कितावको यो चेनेज (०+३८२.५÷०+३९०) को परिमाण यकिन हुन सकेन ।एकै चेनेजमा देहायअनुसारका आईटममा दोहोरो परिमाण गणना भई देहायअनुसारका काममा भुक्तानी भएको रू. १८११५८ र सोमा भुक्तानी भएको मूल्यअभिबृद्धि कर रू. २३५५०।५४ समेत रू. २०४७०८।५४ असुल गर्नु पर्ने देखियो रु.

कामको विवरण	**एकाई**	**लम्वाई**	**कायम क्षेत्रफल**	**परिमाण**	**ठेक्का दर**	**रकम**
जगमा माटो खन्ने	घ मि	१३	०.७५०	९.८२	१००	९८२
सोलिङ	घ मि	१३	०.२२५	२.९४	१८००	५२९२
पीसीसी	घ मि	१३	०.११३	१.४७	९०००	१३२३०
प्लम वाल	घ मि	१३	१.८०	२३.५८	६५००	१५३२७०
फर्म वर्क	व मि	३.२	१३ चौडाई	४१.९२	२००	८३८४
जम्मा						१८११५८
मु.अ.कर						२३५५०।५४
जम्मा						**२०४७०८५।**

असुल गर्नुपर्ने	२,०४,७०८

३४ औद्योगिक ग्राम पहूँच सडक

ठेक्का नं. Besishaharmun।WORKS।NCB।०८१।८२।०३, नगरपालिकाले औद्योगिक ग्राम पहूँच सडक निर्माण कार्य २०८२।२।१५ सम्म सम्पन्न गर्ने गरी २०८१।९।२१ मा निर्माण व्यवसायी जी. टी. कन्सट्रक्सन प्रा. लि. सँग रू. ५१२८०५३।०२ को खरिद सम्झौता गरेको छ । सडक निर्माण कार्यको पहिलो र दोस्रो तथा अन्तिम २ ठेक्का बिलबाट रू. ५०६०२०७ भुक्तानी भएको छ। उक्त खरिद सम्वन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

३४.१ डिजाईन भन्दा फरक कार्य

नगरपालिकाले स्पेसिफकेशन, ड्रईङ तथा डिजाईन अनुसार मितव्ययी तरिकाले निर्माण कार्य गराउनु पर्दछ । नगरपालिकाले सडक निर्माण कार्यको लागि तयार गरेको लागत अनुमान साथ रहेको प्लम वालको नक्सा तथा डिजाईनमा पीसीसी एम १० राखेको र दर विष्लेषणमा एम १० को दर प्रतिघनमिटर रू.१२०९४।१२ एम १५ को प्रतिघनमिटर १३५५९।०२ गरेको देखिन्छ ।पर्खालको जग तथा टपमा एम १० को कंक्रिट प्रयोग गर्ने गरी डिजाईन तथा नक्सा तयार गरे तापनि निर्माण कार्यको विल अफ क्वान्टिटी तयार गर्दा

एम १० कंक्रिटको परिमाणनै नराखि एम १५ मा परिमाण समावेश गरेको देखियो । निर्माण व्यवसायीलाई सोही नक्सा उपलब्ध गराएको र टेस्ट रिपोर्टमा पनि १:३ (Cement : Standard sand) उल्लेख गरेकोले निर्माण व्यवसायीले पर्खालको जग तथा टपमा ड्रईङ भन्दा महंगो पर्ने एम १५ कंक्रीट प्रयोग गरेको कुरामा आस्वस्त हुन सकिएन ।अत: निर्माण व्यवसायीले एम १० कंक्रिटको प्रयोग गरेको टेस्ट रिपोर्ट सँलग्न गरेको र पीसीसी तथा टपमा एम १० कंक्रिट प्रयोग गर्ने प्रचलन रहेको अवस्थामा फाउण्डेसन तथा टपमा ५३.०३ घनमिटर पीसीसी गरेको परिमाण एम १५ कंक्रीटको परिमाणमा समावेश गरी एम १५ कंक्रीटको दर प्रति घनमिटर १०२०० को दरले रु. ५४०९०६ र सोमा भुक्तानी दिएको मुल्यअभिव्द्धि कर रू. ७०३१७।७८ समेत जम्मा रू. ६११२२३ नियमित देखिएन रू.

अनियमित भएको	६,११,२२३

३४.२ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ्ग बिल वा अन्य विलको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सडकको नाली निर्माण गर्ने प्लमवाल एक साईडमा स्ट्रेट र एक साईडमा छड्के (Slant) रहने गरी डिजाईन गरेको र सोही अनुसार फर्म वर्कको चौडाई २.१० वर्गमिटर (०.५० भित्री वालको लागि + ०.५५ वाहिरको वालको लागि दुई तर्फि गर्दा ४ वटा साईडको २.१० मिटर) कायम गरी फर्म बर्कको परिमाण अनुमान गरेकोमा निर्माण कार्यको नापी गर्दा २ मिटर मात्र चौडाई कायम गरेकोले ड्रेनको वालको उचाई ०.४७५ मिटर र नापी गरेको वालको चौडाई ०.२५ मीटरले एक साईडको क्षेत्रफल ०.११९ र अर्को साईडको ०.११९ गरी औषत क्षेत्रफल ०.२३८ वर्ग मिटरमात्र हुने भएकोले भुक्तानी दिएको वालको लम्वाई ३६६.३५ मिटरको लागि ३६६.३५*०.२३८ = ८७.१९ घनमिटर मात्र प्लम कंक्रिट लाग्नेमा वालको क्षेत्रफल ०.२५ वर्गमिटर कायम गरी १००.७३ घनमिटर प्लम कंक्रिटको भुक्तानी दिएकोले १३.५३ घनमिटर वढी परिमाण गणना गरी प्रति घनमिटर ८४०० को दरले हुने रू. ११३६५२ र सो रकममा थप भएको मुल्यअभिबृद्धि कर रू. १४७७५ समेत रु. १२८४२७ असुल गर्नु पर्ने देखियो रू.

असुल गर्नुपर्ने	१,२८,४२७

३४.३ **घटी लम्बाईमा कार्य**

सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२५(छ) मा सम्पन्न निर्माण कार्य स्वीकृत ड्रईङ, डिजाईन तथा स्पेशिफिकेशन बमोजिम भएको पाईएमा त्यस्तो निर्माण कार्य स्वीकृत गर्नु पर्ने उल्लेख छ । यो ठेक्का प्याकेजको लागि नगरपालिकाले ६६० मिटर लम्वाईको ड्रेन बनाउने गरी निर्माण कार्यको बिल अफ क्वान्टिटी तथा लागत अनुमान स्वीकृत गरेको देखिन्छ । निर्माण कार्यको नापी किताब अनुसार जम्मा ५५१ मिटर लम्वाईको ड्रेन निर्माण भएकोले १०९ मिटर घटी लम्बाईमा कार्य भएको देखिन्छ । निर्माण कार्यको डिजाईन, ड्रईङ तथा स्पेशिफिकेशन परिवर्तन नभएको र सो कार्यको लागि निर्माण कार्यको बिल अफ क्वान्टिटिमा भएको सम्पूर्ण परिमाण खपत भएको अवस्थामा तोकिएबमोजिमको लम्वाईको कार्य पूरा नभएको सम्वन्धमा प्राविधिक पुष्ट्याँई पेश हुनु पर्दछ ।

३५ **गुणस्तर परीक्षण खर्च**

कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्ड GCC ४०.१ मा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीले आफ्नै लागतमा गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी दावी गरेको विलको आधारमा एडिसनल टेष्टको लागि व्यवस्था गरिएको प्रोभिजनल समबाट कालीका निर्माण सेवा एण्ड सप्लायर्सलाई गुणस्तर परीक्षण खर्च रू. १५०००।०० भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू..

असुल गर्नुपर्ने	१५,०००

३६ **अन्नपुर्ण मा.वि. भुकम्प प्रतिरोधी ८ कोठे विद्यालय भवन निर्माण**

नगरपालिकाले अन्नपुर्ण मा.वि. नाल्मा भुकम्प प्रतिरोधी ८ कोठे विद्यालय भवन निर्माण कार्यको लागि २०८०।८१ मा रु. १,६२,९८,१००।१४ (पि.एस. तथा मू.अ. सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत गराउन प्रकाशित सूचना अनुसार रु. १,०२,९५,२९७।७९ (३७.२२ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री बि.एल.बि. कन्स्ट्रक्सन सँग २०८२।३।२० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८१।२।४ मा खरिद सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई यस वर्ष प्रथम बिल रु. २६,०४,४९१।२८, दोस्रो रनिङ्ग बिल रु. ४०,४८,२२८।– र तेस्रो/अन्तिम बिल बापत रु. २३,१०,४१४।– समेत जम्मा रु. ९२,८९,१३३।९१ (मू.अ.समेत) भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

(५१-2082-03-16):

एजविल्ट नक्सा

नगरपालिकाले निर्माण व्यवसायी बि.एल.बि. कन्स्ट्रक्सनसँग निर्माण सम्झौता गर्दा एजविल्ट नक्सा पेश गर्नुपर्ने उल्लेख छ ।निर्माण व्यवसायीले भवन निर्माणको कार्य स्वीकार प्रतिवेदन पेश गरेको भएतापनि निर्माण कार्यको सबै चरणको अवस्था देखिने गरी एजविल्ट नक्सा पेश गरेको देखिएन ।अत: जमिन मुनी तथा सतहमा सम्पन्न निर्माण कार्य जुन रुपमा सम्न्न भएको हो सो खुल्ने गरी एजविल्ट नक्सा पेश गराई कार्यालयले प्रमाणित समेत गरी सोको प्रमाण पेश गर्नु पर्ने अन्यथा रकम रु. ३५०००।- असुल गर्नु पर्दछ ।

प्रमाण पेश नगरेको	३५,०००

३७ **वडा कार्यालय भवन निर्माण**

ठेक्का नं. Besishaharmun।WORKS।NCB।०८१।८२।०४

नगरपालिकाले वार्ड नम्वर ३ को वडा कार्यालय भवन निर्माण कार्य २०८२।१।३० सम्म सम्पन्न गर्ने गरी २०८१।८।६ मा निर्माण व्यवसायी जि. के. निर्माण सेवासँग रू. २८३८६३८।०३ को खरिद सम्झौता गरेको छ । यो वर्ष उक्त निर्माण कार्यको अन्तिम ठेक्का बिलको रू. २७३१९८०।७६ भुक्तानी भएको छ। उक्त खरिद सम्बन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

३७.१ नगरपालिकाले वडा भवनको लागत अनुमान तयार गर्दा छडको परिमाण आर सी सी को प्रतिशतमा गरेको देखिन्छ । कार्यालयको लागि प्रयोग हुने छडको कटिङ लेन्थ देखिने ड्रईङ सहितको बार वेण्डिङ सेड्युल तयार गरेको देखिएन । फुटिङको पीसीसी तथा आरसीसीको लम्वाई र चौडाई १.८५*१८५ रहेको देखिन्छ । नापी किताव अनुसार एउटा फुटिङमा ११ + ११ गरी २२ वटा छड २ मिटरको दरले गणना गरेको देखिन्छ । एक लेयरको सिंगल जालीमा ०.२० मिटर उचाईको आरसीसी रहेको फुटिङमा १५ सेन्टीमिटरको फरकमा लम्वाईमा ११ र चौडाईमा ११ वटा छड गणना गरेको परिमाणलाई आधार मान्दा छडको लम्बाई १.७ मिटर भन्दा बढी हुने देखिँदैन । यसरी १४ वटा फुटिङमा १२ एमएम साईजका १.७ मिटर लम्वाईका २२ वटा छडको जम्मा लम्वाई ५२३.६० मिटरको प्रति मिटर ०.८९ केजीले जम्मा ४६६ केजी हुने देखिन्छ । नगरपालिकाले २ मिटर लम्वाईको दरले ५४८.२४ केजी गणना गरेकोले ८२.२४ केजी छड वढी गणना गरी प्रति केजी रू. ११० को दरले ९०४६ .४० र सोमा भुक्तानी भएको मुल्यअभिबृद्धि कर रु. ११७६ समेत जम्मा रु. १०२२२ निर्माण व्यवसायी जि के निर्माण सेवाबाट असुल गर्नु पर्ने देखिएको रू.

असुल गर्नुपर्ने	१०,२२२

३७.२ कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्ड GCC ४०.१ मा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीले आफ्नै लागतमा गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी दावी गरेको विलको आधारमा एडिसनल टेष्टको लागि व्यवस्था

गरिएको प्रोभिजनल समबाट नियमित गुणस्तर परीक्षण खर्च वापत रू. ३०००० भुक्तानी गरेको देखियो । सम्झौताको शर्त विपरितको दावी रकम भुक्तानी विलबाट कट्टा गरी प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	३०,०००

३७.३ निर्माण व्यवसायी जि के निर्माण सेवासँग भएको सम्झौताको विशेष शर्तमा निर्माण कार्य सम्पन्न गरेको १ महिना भित्र एजविल्ट ड्रईङ कार्यालयलाई उपलब्ध गराउनु पर्ने र सो अवधिमा उपलब्ध गराउन नसकेमा रु. ५०००० भुक्तानीबाट कट्टा गरी राखिने उल्लेख छ । निर्माण व्यवसायीले कार्यालयले भवन निर्माणको लागि उपलब्ध गराएको ग्राउण्ड फ्लोर प्लानलाई एजबिल्ट ग्राउण्ड फ्लोर नक्सा उलेख गरी पेश गरेको आधारमा निर्माण ठेक्काको प्रोभिजनल सममा रहेको रकमबाट रु. २५००० भुक्तानी दिएको देखियो । एजविल्ट नक्सा उपलब्ध नगराउने निर्माण व्यवसायीको भुक्तानीबाट ५०००० कट्टा गर्नु पर्नेमा रु. २५००० समेत भुक्तानी दिएकोले असुल गर्नु पर्ने देखिएको रु.

असुल गर्नुपर्ने	७५,०००

३८ चण्डीस्थान स्वास्थ्य चौकी भवन निर्माण

नगरपालिकाले चण्डीस्थान स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि २०७८।७९ मा रु. २,६२,९३,२९२।४ (पि.एस. तथा मू.अ. सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत गराउन प्रकाशित सूचना अनुसार रु. १,४८,५३,०३२।१५ (४३.५१ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री कोजु/देशेमरु जे.भी. सँग २०८०।२।१० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।११। २६ मा खरिद सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई यस वर्ष प्रथम बिल रु. २८,६३,८५२।३९ र दोस्रो रनिङ्ग बिल बापत रु. १०,७१,१०८।०१ समेत जम्मा रु. ३९,३४,९६०।४० (मू.अ.समेत) भुक्तानी भएको देखिन्छ । उक्त निर्माण कार्यको कार्यपालिका बोर्डबाट मिति २०८२।३।२० सम्मको म्याद थप गरी कार्य सम्पन्नको म्याद भएपनि हालसम्म २६ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ । निर्माण कार्यको म्याद समाप्त भैसक्दा पनि निमार्ण सम्पन्न नभएको र पुनः म्याद थप सम्बन्धी कारवाही समेत भएको नदेखिएकोले ठेक्का सम्झौता बमोजिम कारवाही गरी ठेक्का सम्पन्न गराउनु पर्दछ ।

३९ धुरपुरे बाख्रेजगत सडक निर्माण

ठेक्का नं. Besishaharmun।WORKS।NCB।०८१।८२।०५, नगरपालिकाले धुरपुरे दुईथोक बाख्रेजगत सडक निर्माण कार्य २०८२। १।१५ सम्म सम्पन्न गर्ने गरी २०८०।१।१४ मा निर्माण व्यवसायी कृष्चल।सन्तोष जे. भी. सँग रू. ८९४०५८५९।०२ को खरिद सम्झौता गरेको छ । निर्माण कार्य समयमा सम्पन्न हुन नसकेकोले नगरपालिकाले २०८२ असार मसान्तसम्म खरिद सम्झौताको अवधि थप गरी निर्माण कार्य सम्पन्न गराएको छ । सडक निर्माण कार्यको ११ औ तथा अन्तिम विल अनुसार ८८७००५५६।११ को कार्य सम्पन्न भएकोमा १० औ रनिङविल सम्मको रू.८१२७८६६९।५९ भुक्तानी भई ११औं तथा अन्तिम विलको रू. ७४२१८८६ भुक्तानी दिन बाँकी रकममा समावेश गरेको छ । उक्त खरिद सम्वन्धमा निम्नानुसारका प्रमुख व्यहोरा देखिएको छ :

३९.१ कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्ड GCC ४०.१ मा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीले आफ्नै लागतमा गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी दावी गरेको विलको आधारमा एडिसनल टेष्टको लागि व्यवस्था गरिएको प्रोभिजनल समबाट दावी गरेको नियमित गुणस्तर परीक्षण खर्च वापत रू. ५०००० भुक्तानी दिन बाँकी बिलको हिसावमा समावेश गरेको देखियो । सम्झौताको शर्त विपरितको दावी रकम भुक्तानी विलबाट कट्टा गरी प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५०,०००

३९.२ नगरपालिकाले निर्माण व्यवसायीले ११ औं तथा अन्तिम बिलमा रिलोकेशन अफ युटिलिजको लागि प्रोभिजन गरेको रकम रु. १००००० भुक्तानी दिन बाँकी विलमा समावेश गरेको देखियो । निर्माण व्यवसायीले रिलोकेशन सम्वन्धी कार्य गरेको स्थान, क्षेती भएको संरचनाको विवरण, सम्पादन गरेको कामको विवरण, प्रभावित उपभोक्ताको निवेदन, सम्वन्धित वडाको सिफारिस, क्षति भएको संरचनाको निर्माणमा लाग्ने लागत, अनुगमन समितिको प्रतिवेदन तथा सिफारिश र उक्त संरचना निर्माण गर्न नगरपालिकाको स्वीकृति जस्ता खर्चलाई पुष्टी गर्ने तथा काम भएको यकिन गर्न सकिने प्रमाण वेगर ठेक्का विलमा समावेस गरेको देखियो । खर्च पुष्टी हुने प्रमाण वेगर भुक्तानी बाँकीमा समावेश उक्त रकम भुक्तानीबाट कट्टी गरेको प्रमाण पेश हुनु पर्दछ रू.

प्रमाण पेश नगरेको	१,००,०००

३९.३ सडक विभाग द्वारा जारी सडक तथा पुलसम्बन्धी कार्यको स्पेशिफिकेशनको सिं. नं. १११ मा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक निर्माण व्यवसायीले आफ्नै लागतमा कामदारको वसोवासको व्यवस्था गर्नु पर्ने उल्लेख छ । सोही दफामा निर्माण व्यवसायीले कामदारको क्याम्प स्थापना गरेको जानकारी र तोकिए बमोजिमको मापदण्डमा तयार गरी प्रोजेक्ट ईन्जिनियरको स्वीकृती लिनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले सो बमोजिम क्याम्प स्थापना गरी प्रोजेक्ट ईन्जिनियरको स्वीकृती लिएको र समय समयमा मापदण्ड अनुसार क्याम्प सञ्चालन गरेको प्रमाणसमेत संलग्न नगरी विलमात्र पेस गरेको अवस्थामा पालिकाले निर्माण व्यवसायीलाई कामदार क्याम्प व्यवस्था तथा सञ्चालनमा व्यवस्था भएको प्रोभिजनल सममा रू. १००००० समावेश गरी भुक्तानी दिन बाँकी विलको रकममा समवेश गरेको देखियो ।तोकिए बमोजिमका प्रमाणका कागजात वेगर भुक्तानी दिन बाँकीमा समावेश उक्त रकम भुक्तानी हुने रकमबाट कट्टी गरेको प्रमाण पेश हुनु पर्दछ रू.

प्रमाण पेश नगरेको	१,००,०००

३९.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ्ग बिल वा अन्य विलको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।नगरपालिकाले तयार गरेको नापी किताव परीक्षण गर्दा सडकको चेनेज ०+९०० बाट १६.४० मिटर लम्बाई २.४० मिटर अग्लो र १० मिटर लम्बाई र १.५० मिटर उचाई रहेको दुई वटा गरी २६.४० मिटर लम्वाईको पर्खाल नापी गरेकोमा पुन चेनज ०+९२० बाट १२.८ मिटर लम्बाई र १ मिटर उचाईको पर्खाल नापी गरेको देखियो ।चेनेज ०+९०० देखि ०+९२० सम्म २० मिटरमात्र लम्वाई हुनेमा २६.४० मिटर लम्वाई गणना गरेको र ०+९२० बाट पुन अर्को पर्खालको गणना गरेको कारण ६.४ मिटर लम्बाईको ढुङ्गाको पर्खाल दोहोरो गणना भई देहायअनुसार रू.६९५३८ र सोमा भुक्तानी भएको मूल्यअभिबृद्धी कर रू. ९०४० समेत रू. ७८५७८ वढी भुक्तानी भएको देखियो । बढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ रु.

कामको विवरण	लम्बाई	नापीमा कायम गरेको क्षेत्रफल	जम्मा परिमाण	प्रति एकाई कबोल दर	रकम
जगमा माटो खन्ने	६.४	०.५०	३.२०	३००	९६०
ढुङ्गा सोलिङ	६.४	०.१८	१.१५	४०००	४६००
पीसीसी एम १५	६.४	०.११३	०.७२३	१४०००	१०१२२
मेसनरी वर्क	६.४	०.६७५	४.३२	१२०००	५१८४०
वाल क्यापिङ	६.४	०.०२२५	०.१४४	१४०००	२०१६
जम्मा					६९५३८
मुल्य अभिबृद्धि कर					९०४०
कुल जम्मा					७८५७८

असुल गर्नुपर्ने	७८,५७८

४० **अन्य कार्यालय खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धि व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ ।उक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएको निम्नानुसारको कार्यालयको सञ्चालन खर्च वापत रु. ३३११५९।- भुक्तानी गरी अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको छ । यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने अनियमित देखिएको रु.

गो.भौ.नं/मिति	**विवरण**	**भुक्तानी**
७८-२०८१।८।९	लम्जुङ जिल्ला अदालतलाई फोटोकपी मेशिन खरिद वापत भुक्तानी	२५००००
७६५-२०८२।२।२७	कोलेनिका पार्टेशन खर्च	१०६३८२
जम्मा		**३५६३८२**

अनियमित भएको	३,५६,३८२

४१ **अनुत्पादक क्षेत्रमा खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। तर यस पालिकाले सामुदायिक भवन, क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी लगानी गरेको पाइयो। यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन्:-

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम	स्रोत	विनियोजन	खर्च
१	भण्डारीगाउँसामुदायिक भवन निर्माण, बेनपा-६	नेपालसरकार - समानिकरण अनुदान	३०००००	२९२५००
२	सिरुबारीसामुदायिक भवन निर्माण, बेनपा-१०	नेपालसरकार - समानिकरण अनुदान	२०००००	१९४८८०
३	दिपज्योतीसामुदायिक भवन निर्माण, बेनपा-८	नेपालसरकार - समानिकरण अनुदान	१०००००	९७२३७
४	चिसापानीसामुदायिक भवन निर्माण, बेनपा-२, चिसापानी	नेपालसरकार - समानिकरण अनुदान	८०००००	८०००००
५	उपल्लोसाम्दी हुरहुरे सामुदायिक भवन स्तरोन्नति, बेनपा-९	नेपालसरकार - समानिकरण अनुदान	३०००००	२८४३५५
६	कमलादेवीदलितबस्ती सामुदायिक भवन निर्माण, बेनपा-५	नेपालसरकार - समानिकरण अनुदान	३०००००	२९२३७०
७	पाल्लेगरासामुदायिक भवन स्तरोन्नति, बेनपा-४	नेपालसरकार - समानिकरण अनुदान	५०००००	४८७५००
८	कोच्मेसामुदायिक भवन ट्रस निर्माण, बेनपा-५	नेपालसरकार - समानिकरण अनुदान	२०००००	१९५०००
९	पुरानोगाउँसामुदायिक भवन मर्मत, बेनपा-५	नेपालसरकार - समानिकरण अनुदान	३०००००	२९०२९५
१०	पप्लेटारसामुदायिक भवन शौचालय निर्माण, बेनपा-११	नेपालसरकार - समानिकरण अनुदान	१०००००	९७३७४
११	गैरी गाउँसामुदायिक भवन ट्रस निर्माण योजना	नेपालसरकार - समानिकरण अनुदान	३०००००	३०००००
१२	मगरसामुदायिक भवन देखि कोठ.कोला अधुरो सडक योजना	नेपालसरकार - समानिकरण अनुदान	२०००००	१९१२४०
१३	ज्यामिरेसामुदायिक भवन मर्मत योजना	नेपालसरकार - समानिकरण अनुदान	२०००००	२०००००
१४	मिलिजुलीबाबा समुह सामुदायिक भवन शौचालय मर्मत घेराबार योजना	नेपालसरकार - समानिकरण अनुदान	५०००००	५०००००
१५	बस्नेतगाउँसामुदायिक भवन निर्माण	नेपालसरकार - समानिकरण अनुदान	५०००००	४८८१२८
१६	भकुण्डेसामुदायिक भवन शौचालय निर्माण	नेपालसरकार - समानिकरण अनुदान	१०००००	९७५००
१७	राउतगाउँआमा समुह भवन निर्माण, बेनपा-६	नेपालसरकार - समानिकरण अनुदान	२०००००	१९२२०६
१८	सृजना आमासमूह भवन निर्माण, बेनपा-१ नयाँगाउँ	नेपालसरकार - समानिकरण अनुदान	५०००००	५०००००

१९	तमु कल्याणआमा समुह भवन निर्माण, बेनपा-८	राजस्वबाँडफाँड - संघीय सरकार	१०००००	९५२८२
२०	न्यूलालीगुराँस आमा समुह भवन घेराबार, बेनपा-१०	नेपालसरकार - समानिकरण अनुदान	२०००००	१९४९२२
२१	मिलन आमासमुह भवन स्तरोन्नति योजना	नेपालसरकार - समानिकरण अनुदान	१०००००	१०००००
२२	अन्नपुर्णआमा समुह भवन स्तरोन्नति योजना	नेपालसरकार - समानिकरण अनुदान	१०००००	१०००००
२३	कर्मदा आमासमुह भवन फर्निचर खरिद योजना	नेपालसरकार - समानिकरण अनुदान	१०००००	१०००००
२४	चिसापानीआमा भान्सा घर र सडक स्तरोन्नति योजना	नेपालसरकार - समानिकरण अनुदान	२०००००	१६७२१२
२५	चन्दनीदेवीआमा समुह भवन निर्माण योजना	नेपालसरकार - समानिकरण अनुदान	१००००००	९९८३२७
२६	बुद्ध मिलनआमा समूह भवन मर्मत योजना	नेपालसरकार - समानिकरण अनुदान	२०००००	२०००००
२७	भविष्यउज्वल आमा समुह भवन निर्माण योजना	नेपालसरकार - समानिकरण अनुदान	५०००००	५०००००
२८	उपल्लोमकैडाँडा आमासमूह भवन निर्माण योजना	नेपालसरकार - समानिकरण अनुदान	५०००००	५०००००
२९	नवदुर्गाआमा समुह भवन स्तरोन्नति योजना	नेपालसरकार - समानिकरण अनुदान	३०००००	३०००००
३०	कन्या देवीआमा समुह भवन स्तरोन्नति योजना	नेपालसरकार - समानिकरण अनुदान	३०००००	३०००००
३१	सयपत्रीआमा समुह भवन स्तरोन्नति योजना	नेपालसरकार - समानिकरण अनुदान	२५००००	२५००००
३२	ज्योतिनागरिक आमा समुह भवन निर्माण योजना	नेपालसरकार - समानिकरण अनुदान	५०००००	५०००००
३३	रेडक्रसपुल मेन सडक चोक देखि आमा समुह भवनसम्म मोटरबाटो स्तरोन्नति योजना	नेपालसरकार - समानिकरण अनुदान	५०००००	४९२५५५
३४	तामाङ आमासमूह भवन निर्माण	नेपालसरकार - समानिकरण अनुदान	२०००००	२०००००
३५	सिद्धेश्वरमन्दिर घेराबार निर्माण, बेनपा-११	नेपालसरकार - समानिकरण अनुदान	४०००००	३८९६००
३६	लाङ्दीदेवीमन्दिर मर्मत, बेनपा-५	नेपालसरकार - समानिकरण अनुदान	२०००००	१९३८७९
३७	त्रैलोकेश्वरमन्दिर निर्माण, बेनपा-११	नेपालसरकार - समानिकरण अनुदान	५०००००	४८१४२६

३८	मैगुम देवीमन्दिर पुर्ननिर्माण योजना	नेपालसरकार - समानिकरण अनुदान	१०००००	१०००००
४०	भूमिस्थानमन्दिर निर्माण योजना	नेपालसरकार - समानिकरण अनुदान	२५००००	२५००००
४१	शिव मन्दिरतारबार तथा गजुर निर्माण योजना	नेपालसरकार - समानिकरण अनुदान	२०००००	१९३६४०
४२	शिव मन्दिरकम्पाउण्डिङ, बरबोट	नेपालसरकार - समानिकरण अनुदान	१०००००	९५९३३
४३	परियार टोलदेवी मन्दिर कम्पाउण्डिङ	नेपालसरकार - समानिकरण अनुदान	१५००००	१४६२५०
		जम्मा	**१२५५००००**	**१२३४९६११**

४२ फुटकर योजना तथा कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष फुटकर योजना तथा कार्यक्रम बजेट व्यवस्था गरी विभिन्न कार्य तथा योजनामा देहाय अनुसार खर्च गरेको छ। फुटकर बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।केही उदाहरण:-

गौ भौ नं. मिति	योजनाको नाम	बजेट / खर्च
१५२५-२०८२।३।८	वडा नं. ७ को सल्लाघारी कभर्डहल संरक्षण कार्य	३,८७,५२५।-
१५५९-२०८२।३।१०	वडा नं. ७ को ल्यापटप खरिद	१,००,०००।-
१६१३-२०८२।३।१२	वडा नं. २ को ब्याडमिनटन ग्राउण्ड पहिरो मर्मत योजना	७८,०००।-
१६७७-२०८२।३।१३	थुम्काडाँडा गोरेटो बाटो निर्माण योजना	९६,६१९।-
१७६७-२०८२।३।१८	वडा नं. ४ सेवा सदन मावि भौतिक निर्माण	२,३५,०००।-

४३ उपभोक्ता समिति मार्फत कार्य

४३.१ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४३.२ गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित गर्नुपर्दछ ।

४३.३ जटिल प्रकृतिको कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरुबाट देखिन आयो । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।यसका केही उदाहरण निम्न छन् ।

कामको बिबरण र स्थान	**स्वीकृत लागत अनुमान रकम**	**सम्पन्न कार्य**	**भुक्तानी**	
सृजना आमा समूह भवन निर्माण	६,५२,५८४	६,४८,७२४	५,००,०००	
डाँडागाउ होमस्टे पूर्वाधार विकास	१०,८४,८५२	१०,८६,९१३	९,७३,९७०	
वडा नं. ७ को बनथोक बाटो स्तरोन्नती	१०,९६,११३।१९	१०,४७,४९०।४२	९,३१,१५९	
जम्मा			**२४,०५,१२९**	

४३.४ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गोभौनं./मिति	योजना	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
१९६-२०८१।९।२९	उपल्लो मकैडाँडा-पुमा कृषि सडक स्तरोन्नति	१८१५२९	एक्साभेटर	२०४१९६
२००-२०८१।९।२९	छलकुमारीको घरदेखि रोटेपिङको डाँडासम्म अस्थायी नाली योजना	१९५०००	एक्साभेटर	१९५५२१
७७७-२०८२।२।२८	पिर्सिङ कृषि सडक निर्माण	१९५०००	एक्साभेटर	१७३२३०

४३.५ **हस्तान्तरण गर्न नमिल्ने कार्य उपभोक्ता समितिबाट**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिबाट निर्माण गर्नुपर्ने र आफ्नै स्वामित्वमा राख्नुपर्ने देहायका निर्माणको कार्य उपभोक्ता समिति मार्फत् गराई भुक्तानी गरेको पाइयो। उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नै नमिल्ने उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी उपभोक्ता समिति मार्फत् गराएको निर्माण कार्य नियमसम्मत् नदेखिएको रु.

गौ भौ नं / मिति	योजना/उ.स.	सम्झौता रकम	कार्यसम्पन्न	जनश्रमदान	भुक्तानी रकम
८२५-२०८२।३।८	शहरी स्वास्थ्य केन्द्र जग्गा संरक्षण तटबन्ध निर्माण	३२२१६५	३२२२१३	२९७१३	२८९५३४
३५९-२०८१।११।२७	नाल्मा स्वास्थ्य चौकी घेराबार	१६२८२७	१६४३०९	१६६१९	१४६२०८
जम्मा					**४३५७४२**

अनियमित भएको	४,३५,७४२

४३.६ **निर्माण सामग्रीमा बढी मू.अ.कर भुक्तानी**

नगरपालिका कार्यालयले विभिन्न उपभोक्ता समितिहरु मार्फत् गराउने निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा ईँटा, सिमेण्ट, डण्डी लगायतका नन-लोकल निर्माण सामग्रीको स्वीकृत पालिका दरमा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर (मू.अ.कर) वापतको रकम समावेश गरी सम्बद्ध आइटमहरुको दर विश्लेषण गरी लागत अनुमान तयार गरेकोमा दर विश्लेषणमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको दरभन्दा उपभोक्ता समितिहरुले खरिद गरेको दर घटी रहेको पाइयो । निर्माण कार्यको रनिङ्ग बिल भुक्तानीका लागि उपभोक्ता समितिहरुबाट पेश भएको बिल, बिजक अनुसार त्यसरी निर्माण सामग्रीको दरमा भिन्नता भएको कारण लागत अनुमानमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको मू.अ.कर भन्दा उपभोक्ताले यथार्थ रुपमा आपूर्तिकर्तालाई तिरेको मू.अ.कर घटी रहेको देखिन्छ । लमजुङ जिल्लाको स्वीकृत जिल्ला दररेट निर्धारण समितिद्वारा आर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत जिल्ला दररेट सूचीअनुसार ओ.पी.सी. सिमेण्टको दर प्रति बोरा रु.७००।- मा रु.९१ तथा पी.पी.सी. सिमेण्टको दर प्रति बोरा रु.६००।- मा रु.७८ मू.अ.कर समावेश गरी लागत अनुमान तयारी तथा सम्झौता एवं सोही दरबाट भुक्तानी गरेकोमा उपभोक्ता समितिहरुबाट सोभन्दा घटी दरको बिल, बीजक पेश भएको देखिएकोले नमुना छनोट गरी परीक्षण गरिएका निम्न योजनाका उपभोक्ता समितिलाई देहाय अनुसार बढी भुक्तानी देखिएको छ । अतः निम्न निर्माण सामग्रीमा देहायअनुसार बढी भुक्तानी भएको मू.अ.कर रकम असूल हुनुपर्ने रु.

(क) सिमेण्टमा बढी मू.अ.कर						
भौ नं./ मिति	**योजनाको नाम**	**सिमेण्टको परिमाण**	**उ. स . बाट खरिद भएको दर (प्रति बोरा)**	**फरक मू.अ.कर (प्रति बोरा)**	**बढी मू.अ. कर**	
न. पा. पुँजीगत तर्फ						
१०८-०८१।८।२५	शिवमार्ग सडक स्तरोन्नती	२४० बोरा	५८४।०७	१२।४	२९७६	
१२०-०८१।९।४	कुँवर सेवा समाज भवनबाट खत्रीको चौतारा सम्म पक्की नाली निर्माण	२५५ बोरा	५८४	१२।४	३१६२	
१६०-०८१।९।१२	समित्राको घरदेखि बिर बहादुरको जग्गा सम्म अधुरो बाटो स्तोन्नती	८२ बोरा	५५०	१९।५	१५९९	
१९८-०८१।९।२९	गैरीगाउँ आन्तरिक बाटो निर्माण	७० बोरा	५८४	१५।०८	१०५६	
				जम्मा	**८,७९३।-**	
(ख) ईँटामा बढी मू.अ.कर -स्वीकृत जिल्ला दररेट सूचीअनुसार चिम्नी भट्टाको इँट्टाको दर प्रति गोटा रु. १९।३९ मा रु . २।५२ मू.अ.कर समावेश गरी लागत अनुमान तयारी तथा सम्झौता एवं सोही दरबाट भुक्तानी गरेकोमा सोभन्दा घटी दरको बिल बीजक पेश भएकोले उपभोक्ता समितिलाई देहाय अनुसार रु. ३३१८।- बढी मू.अ.कर भुक्तानी भएको।						
भौ नं./ मिति	योजनाको नाम	इँट्टाको परिमाण	लागत अनुमान दर (प्रति गोटा)	उ. स . बाट खरिद दर (प्रति गोटा)	फरक मू.अ.कर (प्रति गोटा)	बढी मू.अ.कर
न. पा. पुँजीगत तर्फ						
३६३-०८१।११।२७	उपल्लो खत्री चौर भवन स्तरोन्नती	४७४० वटा	१९।३९	१४	०।७	३३१८
					जम्मा	**३३१८।-**
कुल जम्मा बढी मू.अ. कर (सिमेण्ट र इँट्टाको)					**१२,१११।-**	

असुल गर्नुपर्ने	१२,१११

४४ **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च**

महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ। तर कार्यालयले सो भन्दा फरक हुने गरी चालु प्रकृतिका कार्यक्रमहरु पनि पूँजीगत कार्यक्रममा समावेश गरी खर्च गरेको पाइयो । यसरी चालु/कार्य सञ्चालन प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । यसका केही उदाहरण देहाय अनुसार छन्:-

क्र.सं.	मिति	भौ.नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	विवरण	रकम
१	०७/०७/२०८१	६१	भेटेरिनरी सम्वन्धी दिवसहरुमा जनचेतना मुलक कार्यक्रम सञ्चालन	विश्व रेबिज दिवस का अवसरमा आयोजित कार्यक्रमका	३००००
२	२२/०२/२०८२	७४७	भेटेरिनरी सम्वन्धी दिवसहरुमा जनचेतना मुलक कार्यक्रम सञ्चालन	दुग्ध दिवस शिविर सञ्चालन	१९८००
३	१५/०६/२०८१	३३	कृषि अनुगमन तथा वैठक सन्चालन	कृषि अनुगमन बैठक सञ्चालन खर्च	८३६१०
४	०३/१०/२०८१	२०५	कृषि अनुगमन तथा वैठक सन्चालन	कृषि अनुगमन तथा बैठक	४७५२५
५	१८/११/२०८१	३००	कृषि अनुगमन तथा वैठक सन्चालन	कृषि प्रवर्द्धन समितिको बैठक	३०३४८
६	२२/०३/२०८२	९२४	कृषि अनुगमन तथा वैठक सन्चालन	कृषि शाखाको अनुगमन तथा वैठक सञ्चालन	२४२५०
७	२३/०३/२०८२	९५४	कृषि अनुगमन तथा वैठक सन्चालन	कृषि शाखा मा कार्यरत कर्मचारीको विभिन्न समयको भ्रमण खर्च	१२४७१
८	१९/०३/२०८२	९१६	फलफूल खेती प्रवर्द्धन कार्यक्रम	सुन्तलाजात फलफुल विरुवा वितरण कार्यक्रम सञ्चालन र व्यवस्थापन कार्य	१९६३७०
९	१२/०३/२०८२	८४५	उत्पादनमा आधारित अनुदान कार्यक्रम	अकबरे खुर्सानी खेतीको उत्पादन प्रदर्शनी कार्यक्रम	५१०४९
१०	२३/०३/२०८२	९५१	उत्पादनमा आधारित अनुदान कार्यक्रम	कृषकलाई प्रोत्साहन वितरण कार्यक्रम	३१३२९
११	२२/११/२०८१	३३५	पशु स्वास्थ्य शिविर सञ्चालन	पशुजन्य औषधी तथा सामाग्री खरीद खर्च	२७६८१०
१२	२९/१२/२०८१	४८९	पशु स्वास्थ्य शिविर सञ्चालन	१ दिने ५ वटा पशु स्वास्थ्य शिविर सञ्चालन खर्च	११७०९३
१३	२१/१०/२०८१	२५६	खोप कार्यक्रम	खोप र खोप सामाग्री खरीद खर्च तथा कर्मचारी भ्रमण खर्च	५४८१७
१४	०२/०३/२०८२	७९९	खोप कार्यक्रम	खोप् कार्यक्रम का लागि खरीद भएको सामाग्री खर्च	३४६९३
१५	११/०८/२०८१	८७	कृषक जिविकोपार्जन तथा सेवा टेवा कार्यक्रम	आलु खेती सम्बन्धी १ दिने स्थलगत तालिम	१८८००
१६	१६/०९/२०८१	१६२	कृषक जिविकोपार्जन तथा सेवा टेवा कार्यक्रम	आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत खरीद गरिएको कृषि सामाग्री खर्च	५३२२४
१७	२४/१०/२०८१	२७०	कृषक जिविकोपार्जन तथा सेवा टेवा कार्यक्रम	तरकारी खेती प्रविधि सम्बन्धी बाली पात्रो प्रकाशन	५००००
१८	२२/१२/२०८१	४५३	कृषक जिविकोपार्जन तथा सेवा टेवा कार्यक्रम	तरकारी खेती प्रविधि तालिम	३८०००
१९	१५/०३/२०८२	८६८	कृषक जिविकोपार्जन तथा सेवा	सामुदायिक विद्यालयमा कृषि चिनारी कार्यक्रम	४८६४५

			टेवा कार्यक्रम		
२०	२३/०३/२०८२	९५२	कृषक जिविकोपार्जन तथा सेवा टेवा कार्यक्रम	पालिका अन्तरगत का उत्कृष्ट कृषक सम्मान कार्यक्रम	३८७००
२१	२३/०३/२०८२	९५४	कृषक जिविकोपार्जन तथा सेवा टेवा कार्यक्रम	कृषि शाखा मा कार्यरत कर्मचारीको विभिन्न समयको भ्रमण खर्च	७३१८
२२	०४/०९/२०८१	१२४	आवश्यक लजिस्टिक्स सामाग्री उपकरण व्यवस्थापन	पशु शाखामा आवश्यक लजिस्टिक सामाग्री उपकरण व्यवस्थापन कार्यक्रम	९९५१६
२३	०२/०३/२०८२	७९७	आवश्यक लजिस्टिक्स सामाग्री उपकरण व्यवस्थापन	पशु शाखामा आवश्यक तरल नाइट्रोजन खरीद	६९९९२
२४	०६/०६/२०८१	६	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	पशु विकास कार्यदलको बैठक	१२७६०
२५	०९/०६/२०८१	१०	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	पशु विकास कार्यदलको अनुगमन भ्रमण खर्च	१८३८४
२६	११/०६/२०८१	३१	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	पशु विकास कार्यदल बैठक	७०००
२७	११/०९/२०८१	१५०	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	विभिन्न समयमा बसेको पशु विकास कार्यदलको बैठक	१२७६०
२८	२५/०९/२०८१	१८७	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	पशु कार्यदल बैठक खाजा खर्च तथा अनुगमन खर्च	२३७८३
२९	२०/१२/२०८१	४४५	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	पशु विकास कार्यदलको भ्रमण खर्च	२६७१५
३०	०१/०२/२०८२	६३२	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	पशु शाखा अन्तरगतको कार्यक्रम	१००००
३१	०९/०२/२०८२	६८५	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	पशु विकास कार्यदल बैठक खर्च र भ्रमण खर्च	३८६९३
३२	०२/०३/२०८२	८०१	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	पशु विकास कार्यदलको बैठक खर्च र भ्रमण खर्च	४१७७७
३३	२२/०३/२०८२	९२६	पशु विकास कार्यदलको बैठक सञ्चालन तथा अनुगमन र मुल्याङ्कन	पशु विकास कार्यक्रम अन्तर्गत को अनुगमन मुल्यांकन खर्च	५९०७

३४	०२/०३/२०८२	७९५	कृषि शिविर सञ्चालन (माटो परीक्षण सेवा र कृषि चुन वितरण समेत)	माटो परीक्षण शिविर सञ्चालन	१७१६४७
३५	२२/११/२०८१	३२९	बाली विकास कार्यक्रम	मकैको बिउ वितरण कार्य गर्दाको दैनिक भ्रमण खर्च	१८७४४
३६	२२/११/२०८१	३३२	बाली विकास कार्यक्रम	मकैको बिउ खरीद र ढुवानी खर्च	२४५४३०
३७	१९/०२/२०८२	७२३	बाली विकास कार्यक्रम	धानको बिउ खरीद र वितरण खर्च	२२७४३५
३८	२२/११/२०८१	३३०	मौरीपालन प्रवर्द्धन कार्यक्रम	मौरी पकेट कार्यक्रम निरन्तरता खर्च	८४९९२
३९	०८/१२/२०८१	४०४	मौरीपालन प्रवर्द्धन कार्यक्रम	नमुना कृषक समुहलाई मौरीको घार, तथा सामाग्री वितरण	१६४८९३
४०	०८/१२/२०८१	४०६	मौरीपालन प्रवर्द्धन कार्यक्रम	मौरीपालनका लागि आवश्यक सहायक सामाग्री वितरण कार्यक्रम	२००३७१
४१	०८/१२/२०८१	४०८	मौरीपालन प्रवर्द्धन कार्यक्रम	मौरीपालन श्रोत केन्द्र अनुगमन कार्य गर्दाको भ्रमण खर्च	१३२३४
४२	१७/१२/२०८१	४१५	मौरीपालन प्रवर्द्धन कार्यक्रम	मौरीपालन सबन्धी २ दिने २ वटा तालिम सञ्चालन	८००००
४३	१९/०१/२०८२	५८६	मौरीपालन प्रवर्द्धन कार्यक्रम	वडा नं ८ र वडा नं १० मा संचालित २-२ दिने मौरीपालन तालिम सञ्चालन खर्च	९९५००
४४	१९/०२/२०८२	७२१	मौरीपालन प्रवर्द्धन कार्यक्रम	मौरीको नयाँ मिनिपकेट स्थापना कार्यक्रम को खर्च	२८५४९४
४५	१२/०३/२०८२	८४९	मौरीपालन प्रवर्द्धन कार्यक्रम	मौरीपालन सम्बन्धी दुई दिने तालिम सञ्चालन	४४३९०
४६	०९/०६/२०८१	९	दुधमा आत्मानिर्भर कार्यक्रम	दुधमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत भएको भ्रमण खर्च	७१४०५
४७	२५/०९/२०८१	१८६	दुधमा आत्मानिर्भर कार्यक्रम	दुधमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत को भ्रमण खर्च	३३४७८
४८	०६/११/२०८१	२७७	दुधमा आत्मानिर्भर कार्यक्रम	दुधमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत पशुजन्य औषधी को खरीद	१४३८००
४९	१२/०३/२०८२	८५५	दुधमा आत्मानिर्भर कार्यक्रम	दुधमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत भएको भ्रमण खर्च	१३८४८
५०	२५/०९/२०८१	१८९	कृषक क्षमता अभिबृद्धि कार्यक्रम	कृषक क्षमता अभिवृद्धि तालिम अन्तर्गत सञ्चालन गरिएको बाख्रापालन र बंगुरपालन सीप विकास तालिम	१०००००
५१	०८/०३/२०८२	८२२	कृषक क्षमता अभिबृद्धि कार्यक्रम	कृषक क्षमता अभिवृद्धि कार्यक्रम	१०००००
५२	२०/०३/२०८२	९२०	प्राङ्गारिक मल उत्पादन तथा व्यवस्थापन कार्यक्रम	प्रांगारिक मल उत्पादन तथा व्यवस्थापन कार्यक्रम	६००००
५३	२५/०८/२०८१	११८	घाँस विकास कार्यक्रम	५० प्रतिशत अनुदानमा हिउँदे घाँस को बिउ वितरण	२६०६६८
५४	२२/११/२०८१	३२७	घाँस विकास कार्यक्रम	५० प्रतिशत अनुदानमा वितरण गर्न खरीद भएको सुडान घाँसको खर्च	३९८७२
५५	०८/०३/२०८२	८३५	घाँस विकास कार्यक्रम	५० प्रतिशत अनुदानमा राइखन्युको विरुवा वितरण कार्य	९८८४२
५६	०४/०९/२०८१	१२६	नियमित उपचार सेवा सञ्चालन	उपचार सामाग्री तथा औषधी खरीद	३७७३५२
५७	१९/०१/२०८२	५८४	नियमित उपचार सेवा सञ्चालन	पशुजन्य औषधी तथा सामाग्री खर्च	२९७३२७
५८	१६/०३/२०८२	८७१	नियमित उपचार सेवा सञ्चालन	भेटनरी शाखाको विभिन्न कार्यक्रम	२१३००
५९	१८/०३/२०८२	९०४	कृषि संकलन केन्द्र तथा बजार सञ्चालनमा सहयोग कार्यक्रम	कृषि एम्बुलेन्समा स्टिकर प्रिन्ट तथा फिक्सिङ तयार	२५९९०
६०	१८/०३/२०८२	९१२	कृषि संकलन केन्द्र तथा बजार	कृषि एम्बुलेन्स मार्फत कृषि उपज संकलन तथा विक्री वितरण गर्ने	६३७५०

			सञ्चालनमा सहयोग कार्यक्रम	सहकारीलाई सम्झौता बमोजिम ५० प्रतिशत घरभाडा अनुदान	
६१	२९/१२/२०८१	४८३	मत्स्य विकास कार्यक्रम	मत्स्य विकास कार्यक्रम अन्तर्गत माछा पोखरी मर्मत खर्च र	३००००
६२	०१/०२/२०८२	६३२	मत्स्य विकास कार्यक्रम	पशु शाखा अन्तरगतको कार्यक्रम	३७७०७
६३	०९/०२/२०८२	६८३	किसान संग प्राविधिक कार्यक्रम	किसानसँग प्राविधिक कार्यक्रम अन्तर्गत औषधी खरीद	१०३६३८
६४	१६/०३/२०८२	८७१	किसान संग प्राविधिक कार्यक्रम	भेटनरी शाखाको विभिन्न कार्यक्रम	२९१९८
६५	०७/०७/२०८१	६०	पशु बिमा प्रिमियम अनुदान	पशु बिमा अनुदानको रकम भुक्तानी	२०६०९८
६६	२९/१२/२०८१	४८५	पशु बिमा प्रिमियम अनुदान	दुधमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत मोडल फर्म स्थापना अनुदान	१५००००
जम्मा					**५५३२५४२**

४५ **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(८) मा लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षणमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्र्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेकोमा सो भएको पाइएन। आन्तरिक लेखापरीक्षणबाट कायम भएको निम्न व्यहोराहरू अन्तिम लेखापरीक्षण समेत कायम गरिएको छ।

४५.१ (८२२-2082-03-08):

लागत अनुमान भन्दा बढी खर्च

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,६२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

४५.२ **खाना तथा विविध खर्च तर्फ**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा सो खर्चलाई पुष्ठयाई हुने विल भरपाई प्रमाण कागजात संलग्न राखी भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले विभिन्न मितिमा विभिन्न होटल व्यवसायीलाई अतिथि सत्कार, गोष्ठी/ सेमिनार कार्यक्रम संचालन गरे वापत खाना तथा विविध खर्च शिर्षकबाट रकम भुक्तानी गरेको पाइयो । यसरी रकम भुक्तानी गर्दा उक्त नियम वमोजिम कारोवारलाई पुष्ठाई हुने आवश्यक पर्ने कार्यक्रमको ढाँचा, उपस्थिति लगायत कागजात एवं प्रमाण संलग्न गर्नु पर्नेमा सो वेगर विल वमोजिम रकम भुक्तानी गरिएको छ । आगामी दिनमा पालिकाले गर्ने यस किसिमका खर्च गर्दा प्रयोजन खुलाई खर्च गर्नु पर्ने देखियो । उक्त खर्च सम्बन्धी केही उदाहरणहरु निम्नानुसार छन

क्र.स.	गो.भौ.नं/मिति	भुक्तानी पाउने	भुक्तानी रकम रु.
१	१९/२०८१-०६-०६	स्वस्तिक सप्लायर्स वेसीशहर	४५५०७
२	४२/२०८१-०६-०७	घाम छायाँ रेष्टुरेण्ट वेसीशहर	२१४७३
३	२७८/२०८१-०७-११	गेटवे हिमालय रिसोर्ट प्रा.लि. वेसीशहर	१७६२९
४	२८०/२०८१-०७-१२	नेवा: भान्छा घर वेसीशहर	१५०८४०
५	५०४/२०८१-०९-१२	नेवा: भान्छा घर वेसीशहर	९४४३०
जम्मा			**३२९८७९**

४५.३ (५१८-2081-09-16):

जिन्सी आम्दानी नबाँधेको

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **८,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४५.४ (५५०-2081-09-18):

जिन्सी दाखिला नगरेको

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१२,४८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४५.५ (५५६-2081-09-18):

जे.सी.भी. एम्बुलेन्स एवं सवारी साधन मर्मत विल भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२८,३७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५.६ **सवारी मर्मत**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा सो खर्चलाई पुष्ठयाई हुने विल भरपाई प्रमाण कागजात संलग्न राखी भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । सवारी साधन मर्मतसम्भारको लागी पेश भएका विलहरु मध्ये गाडी नं-ग-१-झ-२६५ को मर्मत विल नं-४१६ को रु.१९,०५०/- र विल नं-४२१ को रु.५७,९००/- गरी जम्मा रु.७६,९५०/- कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सवारी साधन मर्मत सम्भार गर्नुपर्नेमा मर्मत आदेश संलग्न नभएको रु.

प्रमाण पेश नगरेको	७६,९५०

४५.७ (६७९-2081-10-10):

जिन्सी दाखिला

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५,४२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४५.८ (६७७-2081-10-09):

गाडी भाडा

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा सो खर्चलाई पुष्ठयाई हुने विल भरपाई प्रमाण कागजात संलग्न राखी भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाको मौरी मिनी पकेट निरन्तरता कार्यक्रम अन्तर्गत मौरी सामाग्री हस्तान्तरण कार्यक्रमको अनुगमनको लागी बेसीशहर-२ का गाडी नं-१ ज-६६९४ का जसराम गुरुङलाई गाडी भाडा वापत रकम भूक्तानी भएको देखिन्छ । नियमानुसार उक्त कारोवारलाई पुष्टयाई हुने मौरी पालन सम्वन्धि सामाग्री हस्तान्तरण कार्यक्रम यकिन भएको कार्यक्रम उपस्थिति, झलक लगायतका प्रमाण/कागजात राख्नु पर्नेमा संलग्न भएको नदेखिएकोले सो सम्वन्धि प्रमाण/कागजात राख्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,०५०

४५.९ (९२७-2081-12-17):

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा सो खर्चलाई पुष्ठयाई हुने विल भरपाई प्रमाण कागजात संलग्न राखी भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । नगरस्तरीय सांस्कृतिक पर्व महोत्सव सम्वन्धि विभिन्न कार्यक्रम खर्च शिर्षकबाट वेसीशहर -०१ उदिपुरमा दशौ माघी मेला २०८१ कार्यक्रम सम्पन्न गरी आयोजक माघी मेला मूल समितिका नाममा (अध्यक्ष-पदम अधिकारी रहेको) प्रस्तावित खर्च अनुमान (Proposal) वमोजिम साउण्ड सिष्टम भाडा वापत रु.५०,०००/- रकम भुक्तानी गएको देखिन्छ । सो रकम भुक्तानी लिने प्रयोजनार्थ मिति २०८१-०९-२५ मा वडामा भएको सम्झौतापत्र र सो सम्वन्धि पेश भएको खर्च विवरण अनुसार साउण्ड सिष्टम खरिद शिर्षकमा रु.३०,०००/- रकम प्रस्ताव गरिएको पाइन्छ ।उक्त समितिले साउण्ड सिष्टमवालासँग मिति २०८१-१०-०३ मा गरेको सम्झौता अनुसार साउण्ड सिष्टम भाडा लिए वापत दैनिक रु.१६,५००/- का दरले ३ दिनको जम्मा रु.४९,५००/-को भरपाई-१ पेश गरी रकम भुक्तानी लिएको देखिन्छ ।यसरी प्रस्तावित लागत भन्दा वढी रु.२०,०००/- अर्थात् लागतको ४० प्रतिशत बढी दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१८,०००

४५.१० **पेश्की सम्वन्धमा**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद -५ को नियम ४७ को उपनियम १ मा कुनै व्यक्ति वा संस्थाले सरकारी कामको लागि पेश्की लिनुपर्दा कुन कामको लागी के कति रकम चाहिने हो त्यसको यकिन विवरण (लागत अनुमान) खुलाई कार्यालयमा निवेदन दिनु पर्ने व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार निम्नानुसारका कर्मचारीले कार्यक्रमका लागी पेश्की लिदाँ/दिदाँ उक्त नियममा भएको व्यवस्था अनुरुप कार्यक्रम सम्वन्धि विवरण खुलाई निवेदन प्राप्त भए पश्चात पेश्की दिनु पर्नेमा सो अनुसार भएको नदेखिएकोले उपरोक्त नियम वमोजिम आवश्यक विवरण राखेर मात्रै पेश्की रकम दिनु पर्दछ ।

क्र.स भौ नं. / मिति	कर्मचारीको नाम	कार्यक्रमको नाम	रकम
१-२७/०८१-०७-३०	सि.अ.हे.ब. कालिका ढकाल	मातृ तथा नव शिशु कार्यक्रम	५०,०००
१-८०५/२०८१-११-१२	सहायक पाचौ-सिर्जना पाण्डे	कक्षा ५देखि ९सम्मको परिक्षा व्यवस्थापन	१४,००००
३-८१४-०८१-११-१८	कम्प्युटर अप्रेटर सुनिल घिमिरे	वालमैत्री स्थानीय शासन कार्यक्रम अभिमुखिकरण	५०,०००

४६ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु ११६३०००।०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ११६३०००।०० फर्स्यौट गर्न बाँकी रहेको र उक्त पेश्की रकम गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औँल्याइएकोमा यस वर्षको लेखापरीक्षण अवधिसम्ममा पनि फर्स्यौट नभएकोले नियमानुसार फर्स्यौट गर्नुपर्दछ।

विवरण	पेश्की लिनेको नाम	म्याद नाघेको पेश्की
संस्थागत पेश्की	कोजु देशेमरु जे.भी	९१५०००
संस्थागत पेश्की	सिद्धि विनायक निर्माण सेवा	२४८०००
जम्मा		**११६३०००**

४७ आन्तरिक आयतर्फ

४७.१ व्यवसाय कर

नगरपालिकाको आर्थिक ऐन, २०८१ मा पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ ।यो वर्ष पालिकाले व्यवसाय कर रू. ३५०००००।०० अनुमान गरेकोमा रू. ३५५५७५०।०० मात्र असुल गरेको देखियो । पालिका क्षेत्र भित्र होमस्टे, साना होटल, रेष्टुरेण्ट, किराना पसल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि सबैलाई दर्ता गरी व्यवसाय कर प्राप्त गरेको देखिएन । पारित आर्थिक ऐनको पालना गरी व्यवासाय कर उठाउनु पर्दछ ।

४७.२ आन्तरिक राजस्व अनुमान तथा असुली

यो वर्ष नगरपालिकाले जम्मा रु ७१७८२०००।०० आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रु.३२३३८०४९।०० आम्दानी गरेकोले लक्ष्यको तुलनामा रु.३९४४३९५०।००(४५ प्रतिशत) घढी आम्दानी गरेको देखियो । नगरपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेकोले राजस्व अनुमान यथार्थपरक रहेको मान्न सकिने अवस्था छैन । साथै बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले प्राप्त हुनु पर्ने सबै कर रकम असुली भएको छ भन्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३) तयार गरी सम्भाव्य सवै करदातालाई करको दायारामा ल्याउनु पर्दछ ।

क्र. सं.	शीर्षक नं.	विवरण	आ.ब. २०८१।८२ को अनुमान	आ.ब. २०८१।८२ मा असुली	असुली प्रतिशत	कैफियत
१	११३१३	सम्पती कर	३५००००००	४३०१५२२	**१२३**	
२	११३१४	भुमिकर/मालपोत	३५००००००	४१९४८५१	**१२०**	
३	११३१७	वहाल कर	१००००००००	७८३६०२३	**७८**	
४	११३१८	वहाल विटौरी कर	५००००	१५०००	**३०**	
५	११४५१	सवारी साधन कर (साना सवारी)	२०००००	३५८६१०	**१७९**	
६	११६३१	कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	३५००००	१८०९२०	**५२**	
७	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१२००००००	१४४९८००	**१२१**	
८	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	३०००००	२८२९४१	**९४**	
९	१४२२१	न्यायिक दस्तूर	५०००	५८७५	**११८**	
१०	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	१५००००००	११७१७२०	**७८**	
११	१४२४१	पार्किङ्ग शुल्क	३०००००	९६६९०	**३२**	
१२	१४२४२	नक्सापास दस्तुर	६१७७०००	१८६१०४८	**३०**	
१३	१४२४३	सिफारिश दस्तुर	३५००००००	३४४८१५५	**९९**	
१४	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	५००००००	५२५०८०	**१०५**	
१५	१४२४५	नाता प्रमाणित दस्तुर	४००००००	३७१२००	**९३**	
१६	१४२४९	अन्य दस्तुर	८००००००	१०५२०७४	**१३२**	
१७	१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	३००००००	२२१९००	**७४**	
१८	१४३१३	धरौटी सदरस्याहा		७१३३२०	**१००**	१२७५०० दहत्तर बहत्तरमा जम्मा हुनुपर्ने यसमा जम्मा भएको
१९	१४५२१	प्रदुषण नियन्त्रण शुल्क	२५००००	५०९१३१	**२०४**	
२०	१४५२९	अन्य राजस्व	५००००	३५२०	**७**	
२१	१४६११	व्यवसाय कर	३५००००००	३५५५७५०	**१०२**	
२२	१५१११	बेरूजू	०	१६२९१९	**१००**	
२३	३३३४२	मनोरञ्जन कर	५००००	२००००	**४०**	
२४	३३३४३	विज्ञापन कर	३५००००	३७१४७०	**१०६**	सिस्टममा दोहोरो आम्दानी हुन गएको ।

२५	३३३६६	दहत्तर बहत्तर (ढुंगा, गिटी, वालुवा)	२००००००००	७५१२२४५	**३८**	१२७५०० धरौटी सदरस्यामा जम्मा भएको
२६		घरजग्गा रजिश्ट्रेशन दस्तुर (४०)	१५००००००	१८९२४१६६	**१२६**	
		हालसम्म प्राप्त राजश्व जम्माः–	**७१७८२०००**	**५९१४५९३०**	८२	

४७.३ **सामुदायिक वनबाट आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ ।नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । यस स्थानीय तहले सङ्कलन गरेको आन्तरिक राजस्व रु. ३२३३८०४९ यो वर्षको बजेट खर्च रू. ८११६३४९६५को तुलनामा ३.९८ प्रतिशतमात्र रहेको छ । राजस्व सङ्कलन न्यून रहेको सन्दर्भमा पालिकाले सम्भावित राजस्व स्रोतहरुको खोजि तथा नक्साङ्कन गरी राजस्व सङ्कलन गर्नु पर्दछ ।

४७.४ **बहाल कर**

नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ सँग सम्बन्धित अनूसूची ३ मा व्यक्ति वा संस्थाले आवासीय, व्यापारिक, औद्योगिक वा अन्य प्रयोजनको लागि घर तथा अन्य संरचना व्यक्तिलाई बहालमा दिँदा ५ प्रतिशत र व्यक्ति वा संस्थाले आवासीय, व्यापारिक, औद्योगिक वा अन्य प्रयोजनको लागि घर तथा अन्य संरचना संस्थालाई बहालमा दिँदा बहाल रकमको १० प्रतिशतका दरले बहाल कर असुल गरिने उल्लेख छ । नगरपालिकाले यो वर्ष रु. १,००,००,००० बहाल कर संकलन गर्ने अनुमान गरेकोमा ७८३६०२३ सङ्कलन गरेकोले अनुमानको तुलनामा ७८.३६ प्रतिशत मात्र कर संकलन भएको छ । सम्भावित करदाताको पहिचान तथा समन्वय गरी कर अनुमान गर्नुको साथै अनुमान गरिएको कर संकलन गर्न राजस्व शाखाको कार्यदक्षता अभिबृद्धि गर्नु पर्दछ ।

४७.५ **फरक खातामा दाखिला**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४७.६ **नदीजन्य सामग्रीको सडक आयोजनामा प्रयोग शुल्क**

नेपाल सरकारद्वारा जारी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं. १२ (७) मा सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकार क्षेत्रबाट निस्कने ढुङ्गा गिट्टी, वालुवा जस्ता निर्माण सामग्रीहरु सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामग्रीको परिमाणको आधारमा लाग्ने बिक्री मूल्य वापतको रकम सम्बन्धित गाउँपालिका/नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न सकिने व्यवस्था छ । डुम्रे बेसीशहर चामे सडक आयोजना अन्तर्गत चेनेज ३२+७०० खण्डको बेसीशहर नगरपालिकाको वार्ड नम्बर १ को उदीपुर पहिरो नियन्त्रण कार्य गर्ने फेवा कन्ट्रक्सन प्रा.लि. ले आयोजनामा प्रयोग गरेको ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, माटो आदिको प्रदेश कानूनले निर्धारण गरेबमोजिको दरमा प्रयोग गरेको परिमाण खुलाई लाग्ने कर नगरपालिकामा वुझाएको देखिएन ।नगरपालिकाले प्रयोग भएको सामग्रीको परिमाण यकीन गरिदिन डुम्रे बेसीशहर चामे सडक

आयोजनामा अनुरोध गरेकोमा परिमाण यकिन गरी पठाएको देखिएन । निर्माण व्यवसायी र आयोजना कार्यालयमा समन्वय गरी विल अफ क्वान्टिटीजको आधारमा उक्त क्षेत्रमा प्रयोग भएको नदीजन्य पदार्थको परिमाण यकिन गरी नगरपालिकाले कर असुल गर्नु पर्दछ।

४७.७ **दाखिला गर्न बाँकी कर**

लमजुङ वसपार्कमा पार्किङ गर्ने सवारी साधनबाट सवारी पार्किङ शुल्क सँकलनको लागि रु. २,५०,०० न्यूनतम शुल्क कायम गरी ३ पटकसम्म दरभाउपत्र आव्हान गर्दासमेत दरभाउपत्र दाखिला हुन नआएकोले कार्यपालिकाले गरेको सार्वजनिक सूचना अनुसार संकलनको लागि निवेदन दिने अम्वर वहादुर घिमिरेसँग ६ महिनाकोलागि मूल्य अभिबृद्धि कर र अग्रिम आयकर बाहेक मासिक १५००० को दरले ९०००० शुल्क वुझाउने गरी सम्झौता भए अनुसार निजले सम्झौता अनुसारको पार्किङ शुल्क दाखिला गरे तापनि मूल्यअभिवृद्धि कर रु. ११७०० र आयकर रु. १३५० समेत जम्मा रु. १३०५० असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नु पर्दछ रु.

असुल गर्नुपर्ने	१३,०५०

४७.८ **हेभी ईक्वीपमेन्टको आय स्थिति**

पालिकाले आफ्नो नाममा रहेको मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नु पर्दछ। लेखापरीक्षणको क्रममा पालिकाले खरिद गरेको एक ब्याक हो लोडर, एक ट्र्याक्टर र एक एम्बुलेन्स सञ्चालनमा रहेको देखियो । उक्त मेशिन पालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामासमेत प्रयोग हुने भए तापनि पालिकाले सञ्चालन सम्वन्धि व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन । ती साधन सञ्चालनको क्रममा चालको पारिश्रमिक बाहेक ईन्धन तथा मर्मतमा खर्च भएको रकमको जानकारी हुन सकेन। मेशिन सञ्चालन भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरुको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवस्था रहेन । व्यवस्थित तरिकाले मेशिन सञ्चालन गरी सो बाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नु पर्दछ।

४७.९ **ठेक्का कार्यान्वयन**

नगरपालिकाले गैरी क्याम्पस मुनीको घुम्ति देखि झोलुङ्गे पुल माथिको भागको २८८०० घनमिटर नदिजन्य पदार्थ विक्री गर्न (ठेक्का नं. Besishaharmun।Revenue।NCB।०८१।८२।०३) रु.९१५५००० न्यूनतम कबोल अंक कायम गरी प्रकाशित सूचना अनुसार रू. ९१५६००० कबोल रकम भएको कालिका निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. लाई छनौट गरी २०५१।५।५ मा सम्झौता गर्न आउन सुचना गरिएकोमा निर्माण व्यवसायीले उक्त क्षेत्रमा जान व्यक्तिको जग्गा पर्ने र सो को सहजीकरण पालिकाले नगरेको, जलाशय सुख्खा नगरी सामग्री निकाल्न नसकिने अवस्था रहेको तथा उक्त क्षेत्रमा ब्याक हो लोडरमात्र प्रयोग गर्न सकिने गरी प्रारम्भिक वातावरणीय मुल्याँकन प्रतिवेदनमा उल्लेख भएको सन्दर्भमा उक्त क्षेत्रमा एक्जाभेटरबाट मात्र सामग्री उत्खनन गर्न सकिने अवस्था रहेकोले वातावरणीय परीक्षण प्रतिवेदनको उक्त पक्ष सुधार गरी एक्जाभेटर प्रयोग गर्ने स्वीकृत सहित कामगर्ने वातावरण तयार गरिदिन अनुरोध गरेको । नगरपालिकाले उपमेयरको संयोजकत्वमा स्थलगत अवलोकन गरी तयार पारेको प्रतिवेदनको आधारमा विगत वर्ष देखि थुप्रिएर रहेको सामग्री हाते औजार तथा व्याक हो लोडरबाट निकाल्न नसकिने भएकोले उक्त क्षेत्रमा प्रयोग गर्न सकिने मेशीनरी उपकरणको सम्वन्धमा हालको व्यवस्था पुनरावलोकन भई हालसम्मको सेडिमेन्टेशन बाट हुन सक्ने विपद जोखिम समेतको पक्षलाई विचार गरी एक्जाभेटर प्रयोग गर्ने स्वीकृतको लागि नदी जन्य तथा खानी जन्य पदार्थ जिल्ला अनुगमन समितिमा पठाएकोमा स्वीकृती प्राप्त नभएको कारण २०८१।१२।२५ मा ठेक्का रद्द गरी पाउ भनि ठेकेदारले निवेदन गरे अनुरुप निजको रू. ५१७३१४ विडवण्ड जफत गरी ठेक्का अन्त्य गरेको देखियो । ठेक्का अन्त्य भए तापनि सो क्षेत्रमा जमेको नदीजन्य सामग्रीबाट हुनसक्ने जोखिम कायमै रहेकोले त्यस्तो विपद हुन नदिन सम्वन्धित सबै सरोकार समूहले समयमै उचित निर्णय गर्नु पर्दछ ।

४७.१० **राजश्वको अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस वर्षदेखि आन्तरिक राजश्व आम्दानीको अभिलेख

सुत्रमा प्रणालीमा राख्न शुरु गरे तापनि वडा तथा नगरपालिकाले गरेको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) प्रमाणित गरी राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

४७.११ **असुल हुन बाँकी आम्दानी**

नगरपालिकाले सडक निर्माण गर्दा निस्केको ढुङ्गा तथा निजी जग्गाबाट निकासी गर्ने ढुङ्गा लगायतका सामग्री निकासीको लागि अनुमति दिएकामध्ये देहायका व्यक्तिबाट प्राप्त हुनुपर्ने देहाय अनुसार मुल्यअभिबृद्धि कर र आयकर समेत देहायअनुसार रु. ८४४०८ असुल हुन बाँकी देखिएको छ । असुल हुन बाँकी राजस्व रकम असुल गरी सम्बन्धित खातामा दाखिला गर्नु पर्दछ रु.

नाम	सम्झौता रकम	असुल हुन बाँकी रकम
जुनबहादुर तामाङ, बेसीशहर १०	१६५४२	१६५४२
कामबिसे कन्सट्रक्सन, दोलखा	२८२३८	२८२३८
लक्ष्मीदेवी बसौला, बेसीशहर ३	१९९९६	१९९९६
अजिता थापा घिमिरे, बेसीशहर ३	१९६३२	१९६३२
जम्मा रु.	**८४४०८**	**८४४०८**

असुल गर्नुपर्ने	८४,४०८

४७.१२ **ठेक्का कार्यान्वयन नभएको**

रानीकुवा टापु मुनीको २५०० घनमिटर नदीजन्य पदार्थ १२००००० न्यूनतम अंक कायम गरी प्रकाशित सूचना (ठेक्का नं. Besishaharmun।Revenue।NCB।०८१।८२।०४) अनुसार प्रतिस्पर्धावाट छनौट भएको रु. १२१२५०० कबोल गर्ने ठेक्का सकारकर्ता विश्वरूप थिङ जे.भी. ले सामग्री उत्खननको लागि साईटसम्म जाने आउने बाटो नभएको कारण ठेक्का सम्झौता गर्न असमर्थ रहेको जनाई सम्झौता नगरेकोमा निजको विडवण्डबाट रु. ६८५०६।२५ जफत गरी ठेक्का अन्त्य गरेको देखियो । सो स्थानमा पहूच सुविधा भए नभएको वा सुविधा उपलब्ध गराउन नगरपालिकाले पहल गरे नगरेको वा ठेकेदारको कारणले ठेक्का सञ्चालन हुन नसकेको हो एकिन गरेको आधार संलग्न नगरी विडवण्ड मात्र जफत गरेको देखियो । ठेक्का स्वीकार गरी सम्झौता गर्न नआउने सकारकर्तालाई विडवण्ड जफत गरी कालो सूचीमा राख्ने कारवाही समेत गर्नुपर्नेमा सो सम्बन्धमा निर्णय गरेको देखिएन ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बेसीशहर नगरपालिका, लमजुङ , बेसीशहर नगरपालिका , लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	सृजना पौडेल	२०७९-६-९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८८७,३६९	७,५१३,६८८	१,३५६,२३८	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					९,७५७,२९५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१२२,१८३
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					९,६३५,११२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७०३१७५३६.४२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४७३०७०४६५	**चालु खर्च**	४३०६४२८७३.४५
प्रदेश सरकारबाट अनुदान	२३८०२४६५	**पूँजीगत खर्च**	२०१३७१८२१
राजश्व बाँडफाँट	१६५२५२४७०.३५	**वित्तीय/अन्य व्यवस्था**	२५७०५६०५३.४७
आन्तरिक आय	३२३३८०४९.३७		
अन्य आय	२२१८०४९८१.८		
कुल आय	९१६२६८४३१.५२	**कुल खर्च**	८८९०७०७४७.९२
बाँकी मौज्दात		९७५१५२२०.०२	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति							
११०००.००	कर		१५३८६२२८९.९८	०.००	१५३८६२२८९.९८	१३५१९५१४५.६१	०.००	१३५१९५१४५.६१
१३०००.००	अनुदान		४५८१५५०३८.३३	०.००	४५८१५५०३८.३३	४५०१०२२३४.५३	०.००	४५०१०२२३४.५३
१४०००.००	अन्य राजस्व		४३५६५३१०.७४	०.००	४३५६५३१०.७४	३२४४७०४५.७३	०.००	३२४४७०४५.७३
१५०००.००	विविध प्राप्ति		१६२९१९.००	०.००	१६२९१९.००	७४७५१.००	०.००	७४७५१.००
क	**कुल जम्मा प्राप्ति**		६५५७४५५५८.०५		६५५७४५५५८.०५	६१७८१९१७६.८७		६१७८१९१७६.८७
३.००	चालु		४३०६४२८७३.४५	०.००	४३०६४२८७३.४५	४२३१२०५९९.८४	०.००	४२३१२०५९९.८४
२१०००.००	पारिश्रमिक / सुविधा		३०५१८२७५९.४०	०.००	३०५१८२७५९.४०	२६५१३०९३०.६५	०.००	२६५१३०९३०.६५
२२०००.००	मालसामान तथा सेवाको उपयोग		९५७५९७२९.७९	०.००	९५७५९७२९.७९	१३३०५४८४९.९२	०.००	१३३०५४८४९.९२
२५०००.००	सहायता (Subsidy)		१८६१५३०८.२६	०.००	१८६१५३०८.२६	१४२८५७३४.२७	०.००	१४२८५७३४.२७
२७०००.००	सामाजिक सुरक्षा		९३२१०४१.००	०.००	९३२१०४१.००	८८०००३५.००	०.००	८८०००३५.००
२८०००.००	अन्य खर्च		१७६४०३५.००	०.००	१७६४०३५.००	१८४९०५०.००	०.००	१८४९०५०.००
४.००	पूंजीगत		२०१३७१८२१.००	०.००	२०१३७१८२१.००	१९२०३०९६३.११	०.००	१९२०३०९६३.११
३१११०.००	भवन तथा संरचना		२६८४८२७६.००	०.००	२६८४८२७६.००	१०४५११८६.००	०.००	१०४५११८६.००
३११२०.००	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स		१४५२२५०.००	०.००	१४५२२५०.००	१४१३३९३.००	०.००	१४१३३९३.००
३११३०.००	अन्य पूँजीगत खर्च		१०३००२३३.००	०.००	१०३००२३३.००	११३५६९०१.११	०.००	११३५६९०१.११
३११५०.००	सार्वजनिक निर्माण		१६००७१०६२.००	०.००	१६००७१०६२.००	१६८३२४७२१.००	०.००	१६८३२४७२१.००
३११६०.००	निर्मितसरचनाको सुधार खर्च		०.००	०.००	०.००	४८४७६२.००	०.००	४८४७६२.००
३१४१०.००	जग्गाप्राप्ति खर्च		२७०००००.००	०.००	२७०००००.००	०.००	०.००	०.००
ख)	**कुल जम्मा भुक्तानी**		६३२०१४६९४.४५		६३२०१४६९४.४५	६१५१५१५६२.९५		६१५१५१५६२.९५

ग)	बचत /कमी (ग = क-ख)		२३७३०८६३.६०		२३७३०८६३.६०	२६६७६१३.९२		२६६७६१३.९२
घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		३४६६८२०.००		३४६६८२०.००	२८१२५०६.९०		२८१२५०६.९०
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		२७१९७६८३.६०		२७१९७६८३.६०	५४८०१२०.८२		५४८०१२०.८२
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		७०३१७५३६.४२		७०३१७५३६.४२	६४८३७४१५.६०		६४८३७४१५.६०
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		९७५१५२२०.०२		९७५१५२२०.०२	७०३१७५३६.४२		७०३१७५३६.४२

बेरूजु दफा २३.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र स	विद्यालयको नाम र ठेगाना	वडा नं	शिक्षक दरबन्दी				पदपूर्ति					शिक्षक विद्यार्थी अनुपात
			स्थायी	राहत	करार	निजी स्रोत	स्थायी	राहत	करार	निजी स्रोत	विद्यार्थी सङ्ख्या	
१	जनविकास मा.वि.बेसीशहर	७	२१	१३	०	०	२१	१३	०	०	९२८	२७
२	जनविकास मा.वि.चण्डीडाँडा	७	११	७	०	०	११	७	०	०	२१३	१२
३	गंगामिलन मा.वि. मकैडाँडा	६	१४	३	०	०	१४	३	०	०	१३२	८
४	जनकल्याण मा.वि.चिती	११	१७	२	१	०	१७	२	१	०	२५६	१३
५	बालकल्याण मा.वि. भकुण्डे	२	१६	३	०	०	१६	३	०	०	२१२	११
६	लमजुङ मा.वि. गाउँशहर	३	१३	३	०	०	१३	३	०	०	११३	७
७	जनकल्याण मा.वि. उदिपुर	१	१३	३	१	०	१३	३	१	०	३२०	१९
८	जनजागृति मा.वि. बाँझाखेत	१०	६	८	०	१	६	८	०	०	१४१	९
९	लोकराज आदर्शमा.वि.	११	१०	३	०	०	१०	३	०	०	७४	६
१०	यशोब्रम्ह मा.वि.बाहुनबेसी	३	१२	५	०	०	१२	५	०	०	१६०	९
११	कालिकामिलन मा.वि. चिसापानी	२	८	२	२	०	८	२	२	०	४८	४
१२	अन्नपूर्ण मा.वि. नाल्मा	५	८	२	३	०	८	२	३	०	९४	७
१३	सेवासदन मा.वि. पुरानोकोट	४	८	४	०	०	८	४	०	०	६१	५
१४	चन्द्रज्योति आ.वि.बिम्दाबेसी	९	४	३	०	०	४	३	०	०	२२	३
१५	जनजागृति आ.वि.बरबोटबेसी	११	९	२	०	०	९	२	०	०	१०२	९
१६	बालविकास मा.वि.रामचोक	११	११	२	०	०	११	२	०	०	१५३	१२
१७	भविष्य निर्माणप्रा.वि.पाङ्ग्रेक्यू	१०	३	०	००	०	३	०	०	०	१६	५
१८	नबिन प्रा.वि.बाँझाखेत	१०	३	०	०	०	३	०	०	०	१६	५
१९	हिमज्योति प्रा.वि.भाचोक	१०	३	०	०	०	३	०	०	०	६	२
२०	बालकल्याण प्रा.वि.रातामाटा	१०	१	०	०	०	१	०	०	०	६	६
२१	लक्ष्मीबालमन्दिर प्रा.वि.	७	४	०	०	०	४	०	०	०	४२	११
२२	बालरत्न प्रा.वि.साम्दी	७	२	०	०	०	२	०	०	०	१०	५
२३	समदर्शी प्रा.वि. दिहीथोक	९	१	०	०	०	१	०	०	०	९	९
२४	चिती प्रा.वि.रामचोक	११	२	०	०	०	२	०	०	०	८	४

२५	जनसेवा प्रा.वि.चिती	११	३	०	०	०	३	०	०	०	१५	५
२६	शान्ति भवन प्रा.वि. चिती	११	३	०	०	०	३	०	०	०	१३	४
२७	युवाज्योति प्रा.वि. चिती	११	३	०	०	०	३	०	०	०	११	४
२८	.बालबिद्याश्रम प्रा.वि.नरुवल	२	६	०	०	२	६	०	०	०	४१	६
२९	बौद्धमिलन प्रा.वि.बाख्रेजगत	५	२	०	०	०	२	०	०	०	३	१
३०	चैतन्योदय प्रा.वि.पुरानोकोट	४	१	०	०	०	१	०	०	०	७	७
३१	देवीसदन प्रा.वि.नयाँगाउँ	१	२	०	०	०	२	०	०	०	११	६
३२	चन्द्रोदय प्रा.वि.ठूलोधिमिरे	१	३	०	०	०	३	०	०	०	१४	५
३३	नारायण प्रा.वि.बाँझाखेत	१०	१	१	०	०	१	१	०	०	४	२
३४	कण्ठ प्रा.वि.घडेरी	१०	२	०	०	०	२	०	०	०	७	४
३५	कालिका प्रा.वि.पासाचौर	१०	०	०	०	०	०	०	०	०	०	०
३६	गणेश प्रा.वि.खाँचे	१०	२	०	०	०	२	०	०	०	६	३
३७	चनौटे प्रा.वि.चनौटे	६	२	०	०	०	२	०	०	०	१०	५
३८	चण्डेश्वरी प्रा.वि.सारिङ	६	२	१	०	०	२	१	०	०	२१	७
३९	जनज्योति प्रा.वि.बजारखुट्टा	११	२	०	०	०	२	०	०	०	९	५
४०	बालरत्न प्रा.वि.चिती	११	०	०	०	०	०	०	०	०	०	०
४१	अमर प्रा.वि.गाउँशहर	३	०	०	०	०	०	०	०	०	०	०
४२	लिलाज्योति प्रा.वि.चितुवावन	१०	२	०	०	०	२	०	०	०	८	४
४३	लाड्दीदेवी प्रा.वि.नाल्मा	५	२	०	०	०	२	०	०	०	८	४
४४	जलदेवी प्रा.वि.झगरिया	४	१	०	०	०	१	०	०	०	५	५
४५	बालविकासप्रा.वि.सानोधिमिरे	१	२	०	०	०	२	०	०	०	६	३
	जम्मा		**२४१**	**६७**	**७**	**३**	**२४१**	**६७**	**७**	**३**	**३३४१**	**२८८**

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।